annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ९८, पृष्ठ ८ | काठमाडौं, बिहीबार २१ साउन २०८३ | श्रावण कृष्णपक्ष अष्टमी नेपाल संवत् ११४६ | THURSDAY, AUGUST 6, 2026 | मूल्य : रु. १०

# प्रहरीले थुनेको थुन्यै, अदालतले रिहा गरेको गर्‍यै

मुलुकको अभियोजन प्रणाली आधुनिक, प्रविधिमैत्री र वैज्ञानिक नहुँदा 'हाई प्रोफाइल' व्यक्तिमाथिको अभियोजन कमजोर हुने गरेको छ। भरपर्दो सूचना वा पर्याप्त गृहकार्यबिना खानतलासी लिने, पक्राउ गर्ने र अभियोजन गर्दा 'हाई प्रोफाइल' व्यक्तिहरू रिहा भइरहेका छन्। यसले फौजदारी न्याय प्रणालीकै धज्जी उडाइरहेको छ।

**दिनेश गौतम** | *काठमाडौं*

### केपी शर्मा ओली

अभियोग : ज्यानसम्बन्धी कसुर

पक्राउ : २०८२ चैत १४

रिहा : २०८२ चैत २६

आदेश : हिरासतमुक्त गरी थप अनुसन्धान र तहकिकातको कार्य सम्पन्न गर्नू, गराउनू

### रमेश लेखक

अभियोग : ज्यानसम्बन्धी कसुर

पक्राउ : २०८२ चैत १४

रिहा : २०८२ चैत २६

आदेश : हिरासतमुक्त गरी थप अनुसन्धान र तहकिकातको कार्य सम्पन्न गर्नू, गराउनू

### रेखाकुमारी शर्मा

अभियोग : बालिकालाई यातना

पक्राउ : २०८२ चैत १६

रिहा : २०८२ चैत २२

आदेश : तथ्य पुष्टि गर्ने वस्तुनिष्ठ र निश्चयात्मक प्रतीत लायक प्रमाण मिसिल संलग्न नदेखिएको

### ज्योतिप्रकाश पाण्डे

अभियोग : ठगी

पक्राउ : २०८३ वैशाख २९

रिहा : २०८३ जेठ १

आदेश : हिरासतमै राखी अनुसन्धान तहकिकात गर्नुपर्नेसम्मको अवस्थाको विद्यमानता देखिन आएन



विस्तृत पृष्ठ २

### विष्णुप्रसाद पौडेल

अभियोग : सम्पत्ति शुद्धीकरण

पक्राउ : २०८३ असार ८

रिहा : २०८३ साउन १

आदेश : संलग्नता रहेको कुरा तत्काल प्राप्त प्रमाणहरूबाट खुल्न नसकेको

### दीपक खड्का

अभियोग : सम्पत्ति शुद्धीकरण

पक्राउ : २०८२ चैत १५

रिहा : २०८३ वैशाख ३

आदेश : पक्राउ पुर्जी र म्याद थप कानुनसम्मत देखिएन

### दुर्गा प्रसाईं

अभियोग : विद्युतीय कारोबार

पक्राउ : २०८३ साउन १७

रिहा : २०८३ साउन १८

आदेश : हिरासतमा राखी म्याद थप दिनुपर्नेसम्मको अवस्था देखिएन

### छविलाल रिजाल

अभियोग : ज्यानसम्बन्धी कसुर

पक्राउ : २०८२ चैत १७

रिहा : २०८२ चैत १७

आदेश : जिम्मा जमानीमा रिहा गर्नू

## अन्तर्राष्ट्रिय संस्थासँग स्पष्टीकरण
# 'संसदीय अधिकार कि क्षेत्राधिकारको उल्लंघन ?'



**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिले क्षेत्राधिकार नाघेर तीन अन्तर्राष्ट्रिय मानवअधिकार संस्थासँग स्पष्टीकरण माग्न सरकारलाई निर्देशन दिएको छ।

समितिले एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स (आईसीजे) र ह्युमन राइट्स वाचसँग स्पष्टीकरण लिन सरकारलाई निर्देशन दिएको हो। उसले नेपालमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको अनुगमन प्रभावकारी बनाउन सरकारलाई भनेको छ।

समाज कल्याण परिषद् ऐन, २०४९ तथा प्रचलित कानुनबमोजिम स्वीकृत परियोजनाको कार्यान्वयनको सूक्ष्म मूल्यांकन गर्न सरकारलाई निर्देशन दिइएको छ। समितिले परियोजना सम्झौताअनुसारका उद्देश्य र कार्यक्रम कार्यान्वयन भए-नभएको नियमित अनुगमन र मूल्यांकन गर्न पनि सरकारलाई भनेको छ।

सर्वोच्च अदालतका तीन जना वरिष्ठ न्यायाधीशलाई राजीनामा दिन दबाब र महाअभियोगको समेत धम्की दिइएको भन्दै यी तीन अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाले साउन ८ गते विज्ञप्ति जारी गरेका थिए। वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल, कुमार रेग्मी र हरि फुयाँललाई राजीनामा गर्न दबाब दिइएको र महाअभियोगको समेत धम्की दिइएको विज्ञप्तिमा उल्लेख छ।

सरकारले चौथो वरीयताक्रमका न्यायाधीश मनोजकुमार शर्मालाई प्रधानन्यायाधीश बनाएको थियो। मल्ल पहिलो वरीयताक्रममा थिइन् भने दोस्रोमा रेग्मी र तेस्रोमा फुयाँल थिए। उनीहरूलाई पन्छाएर डा. शर्मा प्रधानन्यायाधीश बन्न सफल भएका छन्। ती संस्थाले सर्वोच्च अदालतका न्यायाधीश मल्ल, रेग्मी र फुयाँलमाथि राजनीतिक दबाब परेको भन्दै चिन्ता व्यक्त गरेका थिए।

> 'राष्ट्रिय सार्वभौमिकता र संसद्को क्षेत्राधिकारमाथि हस्तक्षेप हुने गरी आउने अभिव्यक्तिप्रति समिति गम्भीर छ। आवश्यक स्पष्टीकरण सरकारले लिनुपर्छ।'
>
> **समीक्षा बास्कोटा**
> सभापति, कानुन, न्याय तथा मानवअधिकार समिति

विज्ञप्तिले नेपालको स्वतन्त्र न्यायपालिका र सार्वभौम संसद्को विधायिकी अधिकारमाथि प्रश्न उठाएको समितिको निष्कर्ष छ। ती संस्थासँग आधिकारिक प्रमाणसहित स्पष्टीकरण माग्न सरकारलाई निर्देशन दिएको थियो। ती संस्था न समितिमा आए, न त स्पष्टीकरण नै दिए। यसै विषयमा बुधबार संसदीय समितिमा चार घण्टा लामो बहस भएको थियो। समितिमा सत्ता पक्षकै बहुमत रहेका कारण क्षेत्राधिकारभन्दा बाहिर गएर निर्णय गरिएको छ।

» बाँकी पृष्ठ ६




मधेस मन्थन : सद्भावको संकल्प

# 'द्वन्द्व भड्काउने समूह पहिचान गर्नै पर्छ'

**शम्भु यादव** | *सिरहा*

सुनसरीको घटनालाई लिएर सिरहाका विभिन्न ठाउँमा प्रदर्शन चर्कियो। गोलबजारमा त गोली नै चल्यो र एक जनाको ज्यान गयो। तर आन्दोलनको उद्गमस्थल मानिने लहानमा यसपटक ठूलो अप्रिय घटना भएन। केही ठाउँमा प्रहरी र आन्दोलनकारीबीच सामान्य झडप भए पनि कोही घाइते भएनन्। स्थानीयवासीले संयमता अपनाएकाले दुई समुदायबीचको सम्भावित मुठभेड टर्‍यो।

अहिले हिन्दु-मुस्लिम द्वन्द्व शान्त देखिए पनि त्रास भने उस्तै छ। समस्याको दीर्घकालीन समाधानका लागि बेलैमा ठोस कदम चाल्नुपर्छ। जोखिमयुक्त क्षेत्रहरूमा जातीय, धार्मिक र राजनीतिक अगुवासहितको स्थानीय संयन्त्र बनाउनु आवश्यक छ। यस्तो संयन्त्र बनेमा भविष्यमा हुने घटनाहरूलाई द्रुत रूपमा साम्य पार्न सकिन्छ।

पछिल्लो समय मधेसमा साम्प्रदायिक द्वन्द्व भड्काउने समूह नै सक्रिय देखिन्छ। सरकारले त्यस्ता तत्त्वहरूको सूक्ष्म छानबिन गरी कडा कारबाही गर्नुपर्छ। दोषी जुनसुकै समुदायको भए पनि छुट पाउनु हुँदैन। कानुनी कारबाही नभएकै कारण यस्ता घटनाहरू पटक-पटक दोहोरिएका हुन्।

» मधेस मन्थनमा सहभागीको विचार पृष्ठ ३



मनोज बनैता | आशिषलाल दास | सुनीलकुमार साह | मोहम्मद मुस्ताक | रवीन्द्र श्रेष्ठ

# हाई प्रोफाइल पक्राउ: अनुसन्धान छ, प्रमाण छैन

**दिनेश गौतम** | *काठमाडौं*

जिल्ला अदालत भक्तपुरले व्यवसायी दुर्गाप्रसाद प्रसाईंमाथि अनुसन्धान गर्न पक्राउ गर्नै पर्ने आवश्यकता नरहेको ठहर गर्‍यो। प्रहरीले विद्युतीय (इलेक्ट्रोनिक) कारोबारको अभियोगमा पक्राउ गरेको २४ घण्टामै अदालतले उनलाई रिहा गर्‍यो। रिहा भएलगत्तै प्रसाईंले सञ्चारकर्मीसामु भने, 'मलाई थुन्नुभन्दा पहिले ममाथि लगाइएका आरोपहरूको प्रमाणसहित खण्डन गर्न गृहमन्त्रीलाई चुनौती दिन्छु।'

भक्तपुर जिल्ला न्यायाधीश नवराज दाहालको एकल इजलासले प्रसाईंलाई हिरासतमा राखी म्याद थप गर्नुपर्नेसम्मको अवस्था नदेखेपछि उनी रिहा भएका हुन्। उनी रिहा भएकै दिन अर्थात् साउन १८ गते प्रहरीले विराटनगर महानगरपालिका-७ गोश्वारा रोडस्थित बेनीगोपाल मुन्दडाको निवास र कार्यालय क्षेत्रमा ठूलो सुरक्षा घेरा बनाएर खानतलासी गर्‍यो। बिहान ४ बजेदेखि झन्डै पाँच घण्टासम्म खानतलासी गरियो। कुनै पनि सामग्री, नगद वा प्रमाण फेला नपरेपछि प्रहरी टोली रित्तो हात फर्कियो। जिल्ला प्रहरी कार्यालय मोरङका सूचना अधिकारी मकेन्द्रकुमार मि श्र भन्छन्, 'घरमा गैरकानुनी चिजबिज वा वस्तु लुकाएर राखेको भन्ने विशेष सूचनाका आधारमा प्रहरी टोली खटिएर रीतपूर्वक खानतलासी गरिएको हो। सूचनाबमोजिमका गैरकानुनी सामानहरू फेला परेनन्। यस सम्बन्धमा थप अनुसन्धान कार्य जारी छ।'

गत असार ८ गते नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई प्रहरीले सुर्खेतबाट पक्राउ गर्‍यो। सम्पत्ति शुद्धीकरणको कसुरमा पक्राउ गरिएका पौडेललाई अनुसन्धानकै क्रममा पटक-पटक म्याद थप गरियो। साउन १ गते विशेष अदालतका न्यायाधीशहरू नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासले पौडेलको सम्बन्ध र संलग्नता रहेको कुरा तत्काल प्राप्त प्रमाणहरूबाट खुल्न नसकेको निष्कर्ष निकाल्यो। सहप्रतिवादी दीपक भट्टको वित्तीय कारोबारसमेतबाट सम्पत्ति वा लाभ प्राप्त भएको भन्ने नखुलेको उल्लेख गर्दै साधारण तारेखमा रिहा गर्ने आदेश दियो।

गत वैशाख २९ गते नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डेलाई प्रहरीले पक्राउ गर्‍यो। प्रहरीले पाण्डेविरुद्ध ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी कसुरमा पक्राउ गरी हिरासतमा राख्यो। उनकी पत्नी निरु दाहालले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गरिन्। जेठ १ गते सर्वोच्च अदालतका न्यायाधीशद्वय सारंगा सुवेदी र शान्तिसिंह थापाको संयुक्त इजलासले भन्यो, 'पाण्डेलाई हिरासतमा नै राखी अनुसन्धान तहकिकात गर्नुपर्नेसम्मको अवस्था विद्यमान देखिन आएन।'

कसलाई अभियोग लगाउने, कुन कसुरमा अभियोग दायर गर्ने, कुन प्रमाणलाई पर्याप्त मान्ने, कुन अवस्थामा अभियोग परिमार्जन गर्ने वा कुन परिस्थितिमा अभियोजन नै नगर्ने भन्ने निर्णयमा सुझबुझ नहुँदा प्रहरीले गरेका पक्राउ र अनुसन्धान प्रयोजनविहीन हुन थालेका छन्।



गलत र अपुष्ट सूचनाका भरमा जो कसैको पनि मानमर्दन गर्ने काम बन्द गरियोस्। अपराधीलाई कानुनी कारबाही होस्, तर शंकाका भरमा होइन।

**डा. प्रमिलाकुमारी गच्छदार**
सांसद, नेपाली कांग्रेस



कानुनी शासनमा विधि, प्रक्रिया र प्रमाण केवल औपचारिकता होइनन्, न्यायका मूल मर्म हुन्।

**सुलभ खरेल**
अधिवक्ता एवं सांसद, राष्ट्रिय स्वतन्त्र पार्टी

### ठोस प्रमाणविहीन पक्राउ र खानतलासी

खानतलासी वा पक्राउ पर्ने व्यक्ति प्रहरीको पूर्ण नियन्त्रणमा रहने भएकाले गिरफ्तारीले व्यक्तिको स्वतन्त्रतामा गम्भीर असर पार्दछ। व्यक्तिको स्वतन्त्रतामा असर पर्ने भएकाले गिरफ्तारीको अधिकारको अभ्यास गर्दा सावधानीपूर्वक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनसम्मत ढंगले गर्नुपर्ने फौजदारी कानुनको मान्यता छ।

व्यवसायी मुन्दडाको घरमा खानतलासी र प्रसाईंलाई पक्राउ गर्दा प्रहरीसमक्ष ठोस आधार नै नभएको पाइएको छ। अपुष्ट सूचनाका आधारमा गरिने खानतलासी र पक्राउले व्यवसायीको सामाजिक प्रतिष्ठा र व्यावसायिक साखमा गम्भीर असर पुग्ने भन्दै विराटनगरका व्यवसायीले प्रेस विज्ञप्तिमार्फत सरकारको ध्यानाकर्षण गराएका छन्। नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउत, नेपाल उद्योग परिसंघ कोशी प्रदेशका अध्यक्ष पवनकुमार सारडा, मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठी र उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले संयुक्त विज्ञप्ति प्रकाशित गरी सरकारको ध्यानाकर्षण गराएका हुन्। उनीहरूले सूचना संयन्त्रको विश्वसनीयता र प्रमाणिकतामाथि पुनर्विचार गर्न माग गरेका छन्।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा बोल्दै नेपाली कांग्रेसकी सांसद प्रमिलाकुमारी गच्छदारले सरकारको सूचना संयन्त्र कमजोर भएको बताइन्। 'पर्याप्त प्रमाण थियो भने परिणाम खोइ ? यदि पर्याप्त आधार थिएन भने एउटा उद्योगीको प्रतिष्ठामाथि परेको क्षतिको जिम्मेवारी कसले लिन्छ ?' संसद् बैठकमा गच्छदारले भनिन्, 'गलत र अपुष्ट सूचनाका भरमा जो कसैको पनि मानमर्दन गर्ने काम बन्द गरियोस्। अपराधीलाई कानुनी कारबाहीहोस्, तर शंकाका भरमा होइन। अनुसन्धानका नाममा प्रमाणविना धरपकड र मानमर्दन गर्ने सरकारको प्रवृत्तिले निजी क्षेत्र त्रसित र असुरक्षित भएको छ। लगानीको वातावरण बिग्रेको छ र राज्यप्रतिको विश्वास कमजोर भएको छ।'

विराटनगरस्थित अन्नपूर्ण संवाददाताका अनुसार मुन्दडाको घरमा ठूलो संख्यामा प्रहरी परिचालन गरी खानतलासी गरिएको घटनाबारे मोरङका प्रहरी उपरीक्षक (एसपी) कवित कटवालसँग कोशी प्रदेश प्रहरी कार्यालयले स्पष्टीकरण मागेको छ। उक्त घटनासम्बन्धी प्राप्त सूचना, उपलब्ध विवरण तथा प्रारम्भिक तथ्यका आधारमा प्रहरीको निर्णय प्रक्रिया, कानुनी आधार र कार्यसम्पादनबारे गम्भीर प्रश्न उठेकाले लिखित जवाफ पेस गर्न निर्देशन दिइएको हो। प्रहरी परिचालन गर्ने निर्णय कुन सूचना वा कस्तो विश्वसनीय गोप्य सूचनाका आधारमा गरिएको थियो? उक्त सूचनाको प्रमाणीकरण कसरी गरिएको थियो र कसको विश्लेषणका आधारमा निर्णय लिइएको थियो भन्नेलगायतका विषयमा स्पष्ट पार्न भनिएको छ।

खानतलासीका लागि आवश्यक कानुनी प्रक्रिया, स्वीकृति र प्रचलित कानुनी व्यवस्थाको पालना भए/नभएको, उक्त कारबाहीबाट बरामद भएका सामग्रीको विवरण तथा आपराधिक प्रमाण नभेटिएको अवस्थामा यति ठूलो प्रहरी परिचालन गर्नुको औचित्यसमेत स्पष्ट गर्न कटवाललाई भनिएको छ। उक्त घटनाले विराटनगरका उद्योगी, व्यापारी र सर्वसाधारणमा त्रास सिर्जना गरेको तथा प्रहरी संगठनको व्यावसायिक छविमा असर परेको भन्ने विषयमा आफ्नो धारणा पनि पेस गर्न एसपी कटवाललाई निर्देशन दिइएको छ।

जेन-जी आन्दोलनका क्रममा घरमा पैसा जलेको पाइएपछि सम्पत्ति शुद्धीकरण अनुसन्धानका सिलसिलामा पक्राउ परेका पूर्वमन्त्री दीपक खड्का पनि सर्वोच्च अदालतको आदेशले रिहा भए। सर्वोच्चका न्यायाधीशद्वय विनोद शर्मा र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले गत चैत २३ गते उनलाई थुनाबाहिरै राखेर अनुसन्धान गर्न आदेश दिएपछि उनी रिहा भएका थिए।

गत फागुन १५ गते प्रहरीले नेपाल ल क्याम्पसमा अध्ययनरत प्रकाश भट्टलाई पक्राउ गर्‍यो। तीन दिनपछि पक्राउ पुर्जी थमाइयो, तर मिति भने फागुन १५ नै राखियो। त्यसपछि बल्ल सरकारी वकिल कार्यालयमा लगिएको भट्टले बताए। सरकारी वकिलले प्रहरीले तयार पारेको पक्राउ पुर्जीमा प्रश्न उठाएका कारण पुरानो पक्राउ पुर्जी च्यातियो र नयाँ पक्राउ पुर्जी थमाइयो। प्रहरी हिरासतमा बसेको पाँच दिनपछि उनका नातेदार गीता शाहले सर्वोच्चमा बन्दीप्रत्यक्षीकरणको मुद्दा दायर गरिन्। फागुन २७ गते न्यायाधीशद्वय विनोद शर्मा र महेश शर्मा पौड्यालको संयुक्त इजलासले उनलाई रिहा गर्ने आदेश दियो।

प्रमाण ऐन, २०३१ को दफा २५ ले प्रस्ट रूपमा फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी (नेपाल सरकार) को हुने व्यवस्था गरेको छ। कुनै पनि व्यक्तिविरुद्धको अभियोग पुष्टि पनि हुनुपर्छ। अभियोजनकर्ताले लगाएको अभियोग पुष्टि गराउन पर्याप्त प्रमाणसमेत पुर्‍याउन सक्नुपर्दछ। अभियोग वा दोष पुष्टि गर्ने दायित्व अभियोजनकर्ताकै हुन्छ।

'आरोप लाग्नासाथ कसुरदार भइहाल्ने होइन, तर प्रहरीले युट्युबर बोलाएर कसुरदार ठहर भएझैँ प्रचारप्रसार गर्छ,' नेपाल उद्योग वाणिज्य महासंघका एक पदाधिकारी भन्छन्, 'पक्राउ परेको वा हिरासतमा रहेको व्यक्तिको जीवन, स्वतन्त्रता एवं प्रतिष्ठामा आँच पुग्ने गरी व्यवहार प्रहरीबाट भइरहेको छ।' प्रमाण पुर्‍याउन नसकेकै कारण आरोपीलाई निर्दोष मान्नुपर्ने र शंकाको सुविधा प्रदान गर्नुपर्ने मान्यता रहेको छ। शंकाकै भरमा पक्राउ गर्ने, अपराध अनुसन्धान गर्ने क्रममा सोधपुछ गर्ने र अभियोग लगाइहाल्ने कार्यले व्यवसायीहरू त्रसित छन्।

कानुनसम्मत अधिकारविना कसैलाई गिरफ्तार गरेमा त्यो गिरफ्तारी मानवअधिकार कानुनविरुद्ध हुन जान्छ। पक्राउअघि नै आवश्यक अनुसन्धान हुनुपर्छ, पक्राउ गरिसकेपछि अनुसन्धान होइन। एक निर्दोष व्यक्ति गलत तरिकाले थुनामा पर्नुभन्दा धेरै दोषी व्यक्तिहरू छुट्नु नै राम्रो हुने फौजदारी सिद्धान्तको मान्यता हो। तर, स्पष्ट प्रमाण वा अभियोग स्थापित हुनुअघि नै व्यक्तिहरूको घरमा खानतलासी लिने वा पक्राउ गर्ने क्रियाकलापहरू भइरहेका छन्। 'यदि वरिष्ठ अधिकृतले कसैलाई गिरफ्तार गर्न आदेश दिन्छन् र त्यो गैरकानुनी लाग्छ भने त्यो आदेश पालना गर्नु हुँदैन भन्ने थाहा छ,' एक अनुसन्धान प्रहरी अधिकृत भन्छन्, 'थाहा भइकन पनि पक्राउ गर्न जानुपर्ने पापी पेट (जागिर) को बाध्यता छ।'

पहिले व्यक्तिलाई नियन्त्रणमा लिने र त्यसपछि मात्र कानुनी आधार खोज्ने प्रवृत्तिले अहिले अदालत, कानुनविद् र नागरिक समाजको ध्यानाकर्षण गराएको छ। नेपाल सरकारकै सचिव डा. कृष्णहरि पुष्करलाई करिब चार घण्टाको सोधपुछपछि प्रहरीले रिहा गर्‍यो। प्रधानमन्त्री बालेन्द्र शाहलाई सन्देश प्रेषित गरेकै आधारमा सोधपुछका लागि बोलाइएको प्रहरीले उल्लेख गरे पनि कुन कसुरमा नियन्त्रणमा लिइएको हो भन्नेबारे प्रस्ट्याएन। डा. कृष्णहरिलाई नियन्त्रणमा लिनुमा प्रशासनिक अनुशासन र 'चेन अफ कमान्ड' उल्लंघन गरेको बताएर प्रहरी पन्छियो।

कानुनबमोजिम बाहेक वा कानुनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अंकुश लगाउन वा अपहरण गर्न पाइँदैन। तर, सरकारले प्रक्रियाको पालना नै नगरी पक्राउ गर्ने र अदालतले छाडिदिने उदाहरणमा व्यवसायी प्रसाईं पहिलो केस होइनन्। २०८३ सालयता साढे तीन महिनाको अवधिमा उनी दुई पटक पक्राउ परिसकेका छन्। २०८२ सालमा चार पटक पक्राउ परेका थिए। २०८१ सालयता उनी १० पटक पक्राउ पर्दै रिहा हुँदै आएका छन्। पक्राउपिच्छे प्रहरीले फरक-फरक अभियोग लगाउँदै आएको छ। विधि र प्रक्रियाको अनुसरण नगरी गरिएको गिरफ्तारी, थुना वा शक्तिको प्रयोगलाई अदालतले मान्यता दिँदैन।

सत्तारूढ रास्वपाका सांसद एवं अधिवक्ता सुलभ खरेल कानुनी शासनमा विधि र प्रक्रियाअनुसार नै अघि बढ्नुपर्ने सुझाव दिन्छन्। 'कानुनी शासनमा विधि, प्रक्रिया र प्रमाण केवल औपचारिकता होइनन्,' सांसद खरेल भन्छन्, 'न्यायका मूल मर्म भनेकै विधि, प्रक्रिया र प्रमाण हुन्।'

### किन रिहा भइरहेका छन् आरोपी ?

कुनै पनि व्यक्तिलाई पक्राउ गर्दा ठोस आधारहरू हुनुपर्छ। पर्याप्त, वस्तुगत तथा ठोस आधार (प्रमाण नष्ट गर्न सक्ने वा भाग्न सक्ने जोखिम) विना पक्राउ गर्न नहुने फौजदारी न्याय प्रणालीका जानकारहरू बताउँछन्। त्यस्तै, अभियोजनकर्ता दबाब र प्रभावबाट मुक्त भई व्यावसायिक, स्वतन्त्र, निष्पक्ष र तटस्थ हुनुपर्छ।

अदालतले मेडिकल व्यवसायी प्रसाईंलाई हिरासतमा राख्नुपर्ने पर्याप्त, वस्तुगत तथा ठोस आधार (प्रमाण नष्ट गर्न सक्ने वा भाग्न सक्ने जोखिम) पेस गर्न नसकेको उल्लेख गर्दै थुनामा राख्न अस्वीकार गरेको हो। जिल्ला अदालत भक्तपुरका न्यायाधीश नवराज दाहालले प्रसाईंलाई रिहा गर्दैमा उनलाई मुद्दाबाट उन्मुक्ति दिएका छैनन्। प्रसाईंको अभिव्यक्तिबाट प्रचलित कानुनअनुसार फौजदारी कसुर ठहरिने पर्याप्त प्रमाण संकलन गरी अभियोगपत्र दायर गर्न सक्ने बाटो खुला नै राखिएको छ।

आदेशमा भनिएको छ, 'विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन तथा अन्य प्रचलित कानुनअन्तर्गत फौजदारी कसुर हुने भए अभियोजन पक्षले प्रमाण संकलन गरी अभियोगपत्र पेस गर्न सक्ने नै देखिएको तथा सो अभिव्यक्तिको सम्बन्धमा अनुसन्धान गर्न हिरासतमा नराखिए प्रमाण नष्ट गर्ने वा भागी जान सक्ने अवस्थासमेत वादी (सरकार) पक्षबाट ठोस आधार पेस हुन आएको नहुँदा हिरासतमा राख्ने गरी म्याद थप दिनुपर्नेसम्मको अवस्था देखिएन।'

प्रसाईंलाई हिरासतमा राखेर अनुसन्धान गर्नका लागि जिल्ला सरकारी वकिल कार्यालयले प्रहरी निरीक्षक स्वरूप शर्माको प्रतिवेदन इजलाससमक्ष पेस गरेको थियो। प्रतिवेदनसँगै साढे सात मिनेटको श्रव्यदृश्य (भिडियो) सामग्री थियो। तर, प्रतिवेदनमा उल्लिखित 'गुम्बाभित्र हतियार छन्' भन्नेलगायतको अंश श्रव्यदृश्य सामग्रीमा नदेखिएको आदेशमा उल्लेख छ।

### कसरी कमजोर भयो अभियोजन ?

प्रहरी र अभियोजनकर्ताहरूले अन्तर्राष्ट्रिय कानुन, नेपालको संविधान, ऐन, नियम र अदालती कार्यविधिको रोहमा रहेर मानवअधिकारको सम्मान गर्नुपर्ने कानुनी दायित्व हुन्छ। अभियोजनकर्ताहरू राजनीतिज्ञ वा प्रहरीबाट हुन सक्ने अनुचित दबाब र प्रभावबाट टाढा रही निष्पक्ष र स्वतन्त्र रहेर काम गर्नुपर्ने न्यायाधीशहरू बताउँछन्। त्यस्तै कसलाई, कुन कसुरमा अभियोग दायर गर्ने र कुन प्रमाणलाई पर्याप्त मान्ने भन्ने विषयमा पनि प्रस्ट हुनुपर्छ।

न्यायाधीशहरूका अनुसार प्रहरीले पक्राउ गरेर म्याद थपका लागि लैजाने केसहरूमा ठोस प्रमाण नहुने र अनुसन्धान अपूरो हुने गरेको छ। 'कसैप्रति पूर्वाग्रही धारणा राखेर वा अरूको स्वार्थको माध्यम बनेर गरिने अनुसन्धान सुनियोजित र प्रायोजित हुने गर्छ। त्यस्ता अनुसन्धानका निष्कर्षले वास्तविक दोषीभन्दा निर्दोष व्यक्ति नै षड्यन्त्रको सिकार बन्ने जोखिम बढाउँछन्,' नाम उल्लेख नगर्ने सर्तमा एक न्यायाधीश भन्छन्, 'पक्राउको औचित्य पुष्टि भएपछि मात्र थुनामा पठाउनुपर्ने हो। तर अनुसन्धान बाहिरै बसेर गर्न सकिने अवस्थामा पनि म्याद थपकै लागि पक्राउ गरी अदालतबाट अनुमति माग्ने प्रवृत्ति बढ्दो देखिन्छ।'

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का पूर्वप्रमुख एवं पूर्वडीआईजी हेमन्त मल्ल ठकुरी राजनीतिक प्रतिशोध वा कसैको दबाब वा प्रभावमा पक्राउ गरिएको छ भने आपराधिक प्रमाण जुटाउन कठिनाइ हुने बताउँछन्। 'कसलाई कुन मुद्दामा कसरी अनुसन्धान गर्ने भन्ने सम्बन्धमा प्रहरी पहिले नै प्रस्ट हुनुपर्छ,' पूर्वडिआईजी ठकुरी भन्छन्, 'हाई प्रोफाइल व्यक्तिविरुद्ध गरिएका अभियोजनहरू कति सफल भए वा असफल भए भन्ने विषयमा नियमित समीक्षा हुन आवश्यक छ। पक्राउ गरिएका व्यक्तिमाथिको अनुसन्धान कमजोर हुँदा सुरक्षा निकायको अनुसन्धान क्षमता र विश्वसनीयतामाथि समेत प्रश्न उठ्ने अवस्था सिर्जना हुन्छ।'

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता अविनारायण काफ्ले अदालतबाट तत्कालका लागि रिहा गरिएका कतिपय केसहरूमा अनुसन्धानका लागि तथ्य तथा प्रमाण संकलन भइरहेको बताउँछन्। 'थुनामै रहेका वा थुनाबाहिर रहेका आरोपीहरूको सम्बन्धमा थप तथ्य, प्रमाण र विधि विज्ञान (फरेन्सिक) लगायतका विभिन्न पक्षबाट अनुसन्धान भइरहेको छ,' प्रवक्ता काफ्ले भन्छन्, 'तत्काल प्राप्त प्रमाणका आधारमा सम्मानित अदालतबाट रिहाको आदेश भएको हो। त्यसको अर्थ प्रहरीको अनुसन्धान टुंगिसकेको होइन, अनुसन्धान जारी छ।' दक्षिण एसियामै नेपाल प्रहरीको अनुसन्धान अब्बल रहेको उनले दाबी गरे।



हाई प्रोफाइल व्यक्तिविरुद्ध गरिएका अभियोजनहरू कति सफल भए वा असफल भए भन्ने विषयमा नियमित समीक्षा हुन आवश्यक छ। अनुसन्धान कमजोर हुँदा सुरक्षा निकायको अनुसन्धान क्षमता र विश्वसनीयतामाथि समेत प्रश्न उठ्छ।

**हेमन्त मल्ल ठकुरी**
पूर्वडीआईजी, नेपाल प्रहरी



तत्काल प्राप्त प्रमाणका आधारमा केही व्यक्तिहरूलाई सम्मानित अदालतबाट रिहाको आदेश भएको हो। यसको अर्थ रिहा भएकाहरूमाथि अनुसन्धान टुंगिसकेको होइन। प्रहरी अनुसन्धान जारी छ।

**अविनारायण काफ्ले**
केन्द्रीय प्रहरी प्रवक्ता, नेपाल प्रहरी








मधेस मन्थन : सद्भावको संकल्प

# आन्दोलनको उद्गमस्थल लहानको आवाज

**सुनसरी प्रकरणको राप सिरहाका सडकहरूसम्म पुग्दा गोलबजारमा गोली चल्यो। र, एक जनाले ज्यान गुमाए। हरेक आन्दोलनको उद्गमस्थल बन्दै आएको लहानले भने यसपटक सोचेविपरीत संयमताको परिचय दियो। केही स्थानमा प्रदर्शनकारी र प्रहरीबीच सामान्य धक्कामुक्काबाहेक ठूलो अप्रिय घटना भएन। स्थानीयवासीकै परिपक्वताका कारण दुई समुदायबीच हुन सक्ने सम्भावित साम्प्रदायिक मुठभेड टरेको छ। तथापि, सतहमा स्थिति साम्य देखिए पनि सिरहाका सडकहरूमा त्रासको भुसको आगो अझै निभिसकेको छैन। हिन्दु-मुस्लिम समुदायबीच बढेको अविश्वासलाई समयमै सम्बोधन नगरे यो पुन: भड्किने खतरा छ। मधेस मन्थनमा अन्नपूर्णले सद्भाव कायमको उपायबारे लहानमा बहस गरेको छ।**

**शम्भु यादव** | *सिरहा*

### हातेमालो र सहकार्य जरुरी



**सुनीलकुमार साह**
अधिकारकर्मी

मधेसमा बढ्दै गएका साम्प्रदायिक द्वन्द्वले सामाजिक अन्तरघुलनमा गम्भीर असर पारेका छन्। पटक-पटकका आन्दोलनले थलिएको मधेस फेरि अशान्त हुने हो कि भन्ने चिन्ता बढेको छ। विभिन्न धार्मिक समुदायबीच बढेको अविश्वास र असमझदारी यसको मुख्य कारण हो।

हाम्रो समाज वर्षौंदेखि भाइचारा, सहिष्णुता र सद्भावमा आधारित रहँदै आएको छ। हरेक चाडपर्वमा शुभकामना साटासाट गर्ने परम्परालाई जोगाउनु अहिलेको दायित्व हो। त्यसैले वर्तमान द्वन्द्व समाधानका लागि सामाजिक, धार्मिक र राजनीतिक पक्षबाट तत्काल पहल हुनुपर्छ।

घटना भइसकेपछि पछुताउनुभन्दा पूर्वतयारी र रोकथाममा ध्यान दिनु बुद्धिमानी हुन्छ। राज्यले धार्मिक अगुवा, नागरिक समाज, युवा र स्थानीय राजनीतिज्ञहरूसँग समन्वय गर्नुपर्छ। पूर्वआंकलन र द्रुत निर्णयबाट मात्र साम्प्रदायिक हिंसा रोक्न सकिन्छ। सम्भावित जोखिमयुक्त क्षेत्र पहिचान गरी नागरिक समाजले पनि सहजकर्ताको भूमिका खेल्नुपर्छ।

भुसको आगोझैं गुम्सिएको यो द्वन्द्व कुनै पनि वेला सल्किन सक्छ। त्यसैले साम्प्रदायिक हिंसा भड्किन नदिन सबै निकाय उत्तिकै जिम्मेवार बन्नुपर्छ। समाजमा शान्ति कायम गर्न हातेमालो र सहकार्य गर्नु नै आजको मुख्य आवश्यकता हो।

●●●

### अन्तरसमुदाय समिति गठन गरौं



**रवीन्द्र श्रेष्ठ**
महासचिव, जिल्ला उद्योग वाणिज्य संघ

धार्मिक तथा साम्प्रदायिक द्वन्द्व सुल्झाउन स्थानीयस्तरमै समिति बनाउनुपर्छ। यस्तो समितिले भड्किएको स्थिति तत्काल साम्य पार्न मद्दत गर्छ। अचानक हुने झडपमा प्रहरी आउँदा भिड अझ आक्रोशित हुने गर्छ। यसको सोझो मार व्यापारी र तिनका व्यवसायमा पर्ने गरेको छ।

समस्याको स्थायी समाधानका लागि 'अन्तरसमुदाय नागरिक समिति' अनिवार्य छ। राजनीतिक दलहरूले पनि वडास्तरमै द्वन्द्व व्यवस्थापन टोली खटाउनुपर्छ। साम्प्रदायिक मुद्दामा राजनीति गर्ने प्रवृत्ति बढ्नु अत्यन्तै दु:खद् कुरा हो। आपसी सद्भावबाट मात्र समाज र देशको प्रगति सम्भव छ।

सरकारले आन्दोलनबाट क्षति भोगेका व्यवसायीलाई राहत र हौसला दिनुपर्छ। तोडफोड र आगजनीबाट पीडित भएका व्यापारीलाई भेट्न अहिलेसम्म सरकारी प्रतिनिधि पुगेका छैनन्। राज्यको यस्तो उदासीनताले व्यवसायीहरूमा निराशा बढाएको छ।

●●●

### आन्दोलनमा बालबालिकाको प्रयोग रोकौं



**आशिषलाल दास**
विद्यार्थी नेता

अहिले जुनसुकै प्रदर्शनमा कलिला बालबालिकाको प्रयोग बढेको देखिन्छ। राजनीतिक दलहरूले उनीहरूलाई आन्दोलनमा ढाल बनाउनु गलत हो। बालबालिकालाई विरोध प्रदर्शनमा प्रयोग गर्ने जुनसुकै समूह वा दललाई कडा कारबाही हुनुपर्छ।

राजनीतिक चेतना नभएका बालबालिकाको सहभागिताले आन्दोलनलाई विध्वंसात्मक बनाउँछ। विगतका घटनामा धेरै बालबालिकाले अकालमा ज्यान गुमाउनु परेको छ। अभिभावकहरूले पनि आफ्ना बालबच्चाको गतिविधिमा विशेष निगरानी राख्नुपर्छ।

बालबालिकाको रगतमाथि राजनीति गर्ने परिपाटी तत्काल बन्द हुनुपर्छ। यसले उनीहरूको भविष्य बिगार्नुका साथै समाजमा नकारात्मक असर पार्छ। बालबालिकाको दुरुपयोग रोक्नु देश र समाज दुवैको हितमा हुन्छ।

●●●

### पत्रकारिताले समाज जोड्ने काम गर्नुपर्छ



**मनोज बनैता यादव**
अध्यक्ष, नेपाल पत्रकार महासंघ

सुनसरी र सिरहामा भएका हालैका घटनाहरू अत्यन्तै दु:खद् छन्। कुनै पनि विवाद हिंसामा परिणत हुनु सभ्य समाजका लागि शुभ संकेत होइन। यस्ता घटना भविष्यमा दोहोरिन नदिने साझा संकल्प आजको आवश्यकता हो।

सामाजिक सद्भाव कायम राख्न नियमित संवाद र सहिष्णुताको संस्कृति बसाल्नुपर्छ। असहमतिहरूलाई कानुनी र शान्तिपूर्ण माध्यमबाट मात्र सुल्झाउनुपर्छ। अफवाह र अपुष्ट सूचनाको भरमा प्रतिक्रिया दिने बानीले समाजलाई झन् विभाजित बनाउँछ।

राज्यले द्वन्द्वको पूर्वसूचना पाएर समयमै प्रभावकारी कदम चाल्नुपर्छ। दोषीमाथि निष्पक्ष छानबिन गरी कारबाही र पीडितलाई न्याय दिनु राज्यको कर्तव्य हो। संवेदनशील समयमा सूचना प्रवाह गर्दा पत्रकारहरू झनै जिम्मेवार र सन्तुलित हुनुपर्छ।

पत्रकारिताले समाजमा घृणा होइन, सद्भाव र राष्ट्रिय एकता बढाउनुपर्छ। सामाजिक सञ्जालका भ्रामक सूचना परीक्षण गरी सत्य तथ्य जनतासामु ल्याउनु पत्रकारको दायित्व हो। सम्प्रदायिक द्वेष फैलाउने जोकोहीलाई कानुन र आचारसंहिताअनुसार निष्पक्ष अनुसन्धान गरी कारबाही गरिनुपर्छ।

●●●

### निष्पक्ष छानबिन र कडा कारबाही होस्



**मोहम्मद मुस्ताक**
स्थानीय व्यवसायी

मधेसमा दिनहुँजसो यस्ता घटना किन भइरहेका छन् ? वीरगन्जदेखि सुनसरीसम्मका घटनाबारे छानबिन कहाँ पुग्यो ? साम्प्रदायिक द्वन्द्व भड्काउनेहरूमाथि सरकारले अहिलेसम्म कडा कदम चालेको देखिँदैन।

कारबाही नहुँदा अपराधीहरूको मनोबल बढेको छ र घटना दोहोरिएका छन्। दोषी जुनसुकै धर्म वा समुदायको भए पनि सरकारले कडा कारबाही गर्नुपर्छ। निष्पक्ष कारबाही भएमा मात्र समाजमा शान्ति र अमनचयन कायम हुन सक्छ।

अहिले एकअर्कालाई दोष दिने र जुध्ने काम भइरहेको छ। वर्षौंदेखिको धार्मिक सद्भाव बिगारेर कसैको हित हुँदैन। रोहिंग्या वा अन्य विवादित मुद्दामा सरकारले कानुनबमोजिम कडा कदम चालोस्।

हामीजस्ता सर्वसाधारणले अनाहकमा सास्ती भोग्नुपरेको छ। हिन्दु राष्ट्रको माग गर्नेहरूसँग हाम्रो कुनै विरोध छैन। साम्प्रदायिक दुस्मनी फैलाउने तत्त्वहरूको पहिचान गरी सरकारले दीर्घकालीन शान्ति कायम गरोस्।

# संवाद र दबाबबीच कांग्रेस

## विभाजन टार्न दुवै पक्ष सक्रिय, भित्रभित्रै नयाँ पार्टीको तयारी पनि

**राधा खनाल** | *काठमाडौं*





नेपाली कांग्रेस विभाजनको डिलमा पुगेका बेला पार्टी सभापति गगन थापाले संस्थापन इतर पक्षका शीर्ष नेताहरूसँग निर्णायक संवादको तयारी थालेका छन्। अर्कातर्फ, संस्थापन इतर पक्षले भने राष्ट्रिय भेलाको तयारीलाई तीव्र बनाउँदै समानान्तर रूपमा एकताका लागि दबाब कायम राखेको छ। यसले कांग्रेसभित्र अहिले संवाद र विभाजनको तयारी दुवै एकसाथ अघि बढिरहेको चित्र देखाएको छ।

सभापति थापाले कार्यदलमार्फत समाधान खोज्ने प्रयास प्रभावकारी नभएको निष्कर्ष निकाल्दै अब प्रत्यक्ष रूपमा डा. शेखर कोइराला र निवर्तमान उपसभापति पूर्णबहादुर खड्कासँग वार्ता गर्ने तयारी गरेका छन्। थापा निकट स्रोतका अनुसार दुवै नेताको समय मिल्नेबित्तिकै एक-दुई दिनभित्र भेटवार्ता हुने सम्भावना छ।

सभापति थापा पार्टीभित्रको मतभेद अन्त्य गर्न व्यक्तिगत रूपमा अग्रसर भएका छन्। पार्टीका महामन्त्री गुरुराज घिमिरेले भने, '१४औं महाधिवेशनको कार्यसमिति मर्ज गर्ने विषयबाहेक अन्य सबै एजेन्डामा लचिलो बन्न सभापति तयार हुनुहुन्छ। १५औं महाधिवेशन आयोजक समिति, निर्वाचन समिति, क्रियाशील सदस्यता व्यवस्थापन समिति, विधान संशोधन समितिलगायतका संरचनामा इतर पक्षलाई समेट्ने विषयमा पार्टीमा कसैलाई आपत्ति छैन। समेटेरै लैजाने तयारीमा हामी छौं।' आवश्यक परे क्रियाशील सदस्यता विवाद समाधान गर्न छुट्टै छानबिन समिति गठन गर्नसमेत नेतृत्व तयार रहेको उनको भनाइ छ।

यद्यपि संस्थापन इतर पक्षले वार्ताको पर्खाइ नगरी राष्ट्रिय भेलाको तयारीलाई तीव्र बनाएको छ। साउन १६ गते पूर्वमहामन्त्री डा. शशांक कोइरालालाई राष्ट्रिय भेलाको संयोजक तोक्दै ५ सय ५१ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ। इतर पक्षका नेताहरूका अनुसार कार्यदल तहको छलफलले समाधान नदिने भएकाले शीर्ष नेताबीच प्रत्यक्ष राजनीतिक सहमति आवश्यक छ। संस्थापन इतर समूहका प्रचार-प्रसार समिति संयोजक मीन विश्वकर्माले एकताको आशा अझै रहेको बताउँदै भने, 'पार्टी एकता पूर्णरूपमा सभापति थापाको निर्णयमा निर्भर छ। हामी एक हुनै चाहन्छौं, हाम्रो टुक्रिने उद्देश्य नै होइन।'

यसैबीच कांग्रेसभित्र पार्टी विभाजन रोक्न विभिन्न तहबाट एकताको दबाब पनि बढ्दै गएको छ। निवर्तमान केन्द्रीय सदस्य नैनसिंह महरले विशेष महाधिवेशनबाट बाहिर रहेका १ सय ११ जना निवर्तमान केन्द्रीय सदस्यमध्ये ३५ जना आफूहरू केन्द्रीय सदस्य नबनेर भए पनि पार्टी एकताको पक्षमा उभिएको बताएका छन्।

महरकै नेतृत्वमा पार्टीका अन्य युवाहरू मिलेर 'देश र कांग्रेस जोड्ने अभियान' अगाडि बढाएका छन्। महर भन्छन्, 'पार्टीमा सबैलाई जोड्ने र पार्टीसँगै देश जोड्ने हाम्रो अभियान हो। यसमा पार्टीका सबै साथीहरू जोडिन सक्नुहुन्छ।'

महामन्त्री घिमिरेले शीर्ष तहमा निरन्तर सम्पर्क र संवाद जारी रहेको जानकारी दिएका छन्। उनले भने, 'आठ-नौ दिनभित्र एउटा निष्कर्ष आउँछ। पूर्णबहादुर दाइ अस्वस्थ हुनुहुन्छ भन्ने खबर आएकाले अलिकति ढिला जस्तो भएको हो। तर शीर्ष तहमा निरन्तर छलफल भइरहेको छ।'

कांग्रेस नेता डा. गोविन्दराज भट्टराई भने पार्टी विभाजन हुने सम्भावना नरहेको बताउँछन्। 'पार्टी फुटाउने चाहना कसैमा देखिँदैन। इतर पक्षको पनि अर्थपूर्ण सहभागिताका लागि दबाब सिर्जना गर्ने प्रयास मात्रै हो, जुन स्वाभाविक पनि हो,' भट्टराईले भने, 'पार्टीमा लामो समय योगदान गरेका साथीहरू हुनुहुन्छ, उहाँहरूको माग पार्टीमा समेटियोस् भन्ने नै देखिन्छ।' शेखर कोइरालाको प्रसंगमा उनले थपे, 'दाइले पार्टी छाड्ने कुरा कल्पनाबाहिरको हो भन्नुहुन्छ। बरु दोधारमा रहेका कार्यकर्तालाई सम्झाइ-बुझाइ गर्दै पार्टी नछाड्न आग्रह गरिरहनुभएको छ।'

यद्यपि इतर पक्षका एक शीर्ष नेताले संस्थापन पक्षमा पुराना नेताप्रति उपेक्षाको भावना बढेको आरोप लगाए। 'अब यी पुराना मान्छेलाई ल्याएर के हुन्छ भन्ने मानसिकताले सम्बन्ध बिगारेको छ,' उनले भने, 'सम्बन्ध पारिवारिक होस् कि राजनीतिक, त्यहाँ अहम् (इगो) छिरेपछि कुनै अर्थ रहँदैन।'

अर्का नेता रामहरि खतिवडाले राष्ट्रिय भेलाको संयोजकमा शशांक कोइरालालाई अगाडि सार्नुको पछाडि कुनै शंका गर्न नमिल्ने बताए। 'पूर्णबहादुर खड्काले यसअघिको सम्मेलनमा प्रकाशमान सिंहजीलाई अगाडि सार्नुभयो, त्यसैगरी अहिले शशांकजीलाई भेलाको संयोजकत्वको जिम्मेवारी दिनुभयो। यो उहाँको महानता हो,' खतिवडाले भने, 'यसले पार्टी फुटाउन नचाहेको पनि बुझाउँछ। फुटाउन चाहेको भए उहाँ आफ्नै संयोजकत्वमा भेला बोलाउनुहुन्थ्यो।'

कांग्रेसभित्रको विवाद चर्किरहेका बेला निवर्तमान सभापति शेरबहादुर देउवा पक्ष र इतर समूह अझै निर्णायक मोडमा पुगिसकेका छैनन्। नेताहरूका अनुसार सबै गतिविधि देउवाकै जानकारीमा भइरहेका भए पनि साउन २९ गतेको भेलामा उनी सहभागी हुने वा नहुने भन्ने अझै टुंगो लागेको छैन।

देउवा पक्षले सर्वोच्च अदालतको वैशाख ४ गतेको फैसला पुनरावलोकनका लागि निवेदन दिएको छ। यद्यपि, साउन २९ को भेलापछि बन्द सत्रबाटै नयाँ पार्टी घोषणा गर्ने तयारी भइरहेको दाबी केही नेताहरूले गरिरहेका छन्।

पार्टीको नाम भने अझै तय भएको छैन। छलफलमा 'नेपाली कांग्रेस मूलधार', 'अग्रगामी कांग्रेस' र 'नेपाली राष्ट्रिय कांग्रेस' जस्ता नामका विषयमा चर्चा भएको इतरका एक नेताले बताए। 'नाम त कति जुर्छन् जुर्छन्, तर इतरका पनि ९० प्रतिशत साथीहरू पार्टी फुटको पक्षमा हुनुहुन्न। सभापति गगन थापाजीले एकपटक बसेर सल्लाह गर्नुभयो र कुरा सुन्नुभयो भने सबै जना एकै ठाउँमा आउनुहुन्छ,' उनले भने।

> सभापति थापाले कार्यदलमार्फत समाधान खोज्ने प्रयास प्रभावकारी नभएको निष्कर्ष निकाल्दै अब प्रत्यक्ष रूपमा डा. शेखर कोइराला र निवर्तमान उपसभापति पूर्णबहादुर खड्कासँग वार्ता गर्ने तयारी गरेका छन्।

### सरकार निन्द्रामा : कांग्रेस

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले जनजीविका, सुशासन, सुरक्षा, अर्थतन्त्र, कूटनीति तथा संसद् सञ्चालनलगायत १५ वटा विषय उठाउँदै सरकारलाई निन्द्राबाट ब्युँझन आग्रह गरेको छ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा बुधबार आयोजित पत्रकार सम्मेलनमा कांग्रेस प्रवक्ता देवराज चालिसेले खाना पकाउने ग्यासको अभाव, खेतीपातीको मुख्य सिजनमा मलको संकट, बढ्दो महँगी तथा जनताका दैनिक समस्याप्रति सरकार उदासीन बनेको आरोप लगाए। 'जनताले नारा होइन, परिणाम खोजेका छन्। आश्वासन होइन, कार्यान्वयन खोजेका छन्,' चालिसेले भने, 'सरकारले राजनीतिक स्टन्टबाट आफ्नो बचाउ गर्ने होइन, पूर्ण पारदर्शिता र जवाफदेहिताबाट जनविश्वास पुन:स्थापित गर्नुपर्छ। अन्यथा इतिहासले यस सरकारलाई समस्या लम्ब्याएर राजनीतिक लाभ खोज्ने असफल सरकारका रूपमा लेख्नेछ।'

सरकारप्रति नागरिकको विश्वास लगातार खस्किँदै गएको उनले दाबी गरे। 'दुर्भाग्यवश, यो सरकार जब नैतिक संकट, राजनीतिक असक्षमता र जनविश्वासको संकटले घेरिन्छ, तब समस्याको समाधान खोज्नुको साटो विषयलाई विषयान्तर गर्दै जनताको ध्यान अर्कै विषयमा मोड्ने प्रयासमा लिप्त रहेको देखिन्छ,' प्रवक्ता चालिसेले भने। कांग्रेसले सुनसरीको देवानगञ्ज-कप्तानगञ्ज घटनामा सरकार संयमित र जिम्मेवार हुन नसकेको आरोप लगाउँदै घटनाको निष्पक्ष छानबिनका लागि स्वतन्त्र उच्चस्तरीय न्यायिक आयोग गठन गर्न माग गरेको छ। भदौ २३ र २४ का घटनाको निष्पक्ष अनुसन्धान, मानवअधिकार आयोगको प्रतिवेदन कार्यान्वयन तथा दोषीमाथि कारबाही गर्न पनि सरकारसँग आग्रह गरिएको छ।

पत्रकार सम्मेलनमा कांग्रेसले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप भएको आरोप लगाउँदै विपक्षी नेता, सञ्चारकर्मी तथा नागरिकमाथि निगरानी र दबाब सिर्जना गर्ने गतिविधिको निष्पक्ष छानबिन हुनुपर्ने माग राखेको छ। प्रश्न सोध्ने नागरिक र युवामाथि पक्राउ तथा दमनको प्रवृत्ति अन्त्य गर्न पनि सरकारलाई आग्रह गरिएको छ।

'राज्यको दायित्व नागरिकलाई सुरक्षा दिनु हो, डर र दबाब दिनु होइन। लोकतन्त्रमा सत्ताको आडमा विपक्षी नेतृत्वलाई तर्साउने, आलोचकलाई आतंकित बनाउने र प्रेस स्वतन्त्रतालाई राज्यशक्तिको बुटले कुल्चने कार्य खेदजनक छ र सर्वथा अस्वीकार्य छ,' चालिसेले पत्रकार सम्मेलनमा भनेका थिए, 'संविधानले सुनिश्चित गरेका मौलिक अधिकारको रक्षा गर्नु राज्यको पहिलो दायित्व हो। लोकतन्त्र त्रासबाट होइन स्वतन्त्रताबाट खदिलो हुन्छ। उत्तरदायित्व र विधिको शासनले मात्र यो व्यवस्था सुदृढ हुन्छ। प्रश्न सोध्ने जेनजी अगुवा युवामाथिको आक्रमण र गिरफ्तारी निन्दनीय छ।'

राहदानी खरिद प्रक्रियामा पारदर्शिता नदेखिएको, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमाथि राजनीतिक दबाब परेको तथा सार्वजनिक पदाधिकारीहरूको सम्पत्तिको स्रोतबारे अनुसन्धान नगरेको भन्दै कांग्रेसले सरकारको नियतमाथि प्रश्न उठाएको छ। प्रतिनिधिसभा नियमावली संविधानको मर्मविपरीत रहेको दाबी गर्दै त्यसलाई संशोधन गर्नुपर्ने धारणा पनि पार्टीले सार्वजनिक गरेको छ।

सरकारी नियुक्तिमा राजनीतिक भागबन्डा, अध्यादेशमार्फत शासन, कूटनीतिक अपरिपक्वता तथा गृहमन्त्रीसम्बन्धी विवादमा सरकारको भूमिकामाथि समेत कांग्रेसले प्रश्न उठाएको छ। विदेश नीतिमा संस्थागत प्रक्रिया र राष्ट्रिय हितलाई प्राथमिकता दिन सरकारलाई आग्रह गरिएको छ।

सुकुम्बासी समस्या समाधानमा सरकार असफल भएको, निजी क्षेत्रमाथि प्रमाणबिनै कारबाही गरिएको, किसानले मल नपाएर सास्ती खेपिरहेको, एलपी ग्यास अभाव तथा महँगी नियन्त्रणमा सरकार असफल भएको कांग्रेसको आरोप छ। शिक्षा क्षेत्रमा नतिजा प्रकाशनदेखि शिक्षकका माग सम्बोधनसम्म सरकार अपरिपक्व देखिएको भन्दै जनतासँग भएका सम्झौताको इमान्दार कार्यान्वयन गर्न पनि कांग्रेसले सरकारलाई सचेत गराएको छ।

# 'रेडियो अन्नपूर्ण'मा सुरु भयो एआई वाचिका वाणीद्वारा समाचार



**काठमाडौं** (अन्नपूर्ण): रेडियो अन्नपूर्ण नेपाल ९४.० मेघाहर्जबाट बुधबारदेखि एआई (आर्टिफिसियल इन्टिलिजेन्स) वाचिकाबाट समाचार बुलेटिन सुरु गरेको छ। प्रविधिको उच्चतम प्रयोग गर्दै समाचारमाध्यमलाई सशक्त बनाउन एआई प्रविधिको नौलो प्रयोग थालनी भएको अन्नपूर्ण मिडिया नेटवर्क (एएमएन)ले जनाएको छ।

अहिलेलाई हरेक दिन बिहान ११ बजे र साँझ ५ बजे प्रसारण हुने बुलेटिन अन्नपूर्ण मिडियाको भ्वाइस् अफ अन्नपूर्ण न्युज एन्ड इन्टिलिजेन्स् अर्थात् वाणीको आवाजबाट सुरु गरिएको हो।

यसलाई क्रमश: बढाउँदै लगिने र अन्य प्लेटफर्महरूमा समेत एआई प्रविधिको जिम्मेवार र उच्चतम तहको प्रयोग गरिने एएमएनले जनाएको छ।

वाणी एआई प्रविधिमार्फत समाचार वाचन गर्न अन्नपूर्णले प्रस्तुत गरेको नाम हो। सही सूचना र समाचारजन्य सामग्रीलाई छिटोभन्दा छिटो जनमानसमा पुर्‍याउन प्रविधिलाई पहिलो प्राथमिकता दिइएको जानकारी अन्नपूर्ण मिडियाका प्रधान सम्पादक बालकृष्ण बस्नेतले दिए।

'प्रविधि र पत्रकारिताको नयाँ संगमसहित नागरिकलाई तथ्यपरक समाचार दिन अन्नपूर्ण मिडियाले नयाँ सुरुवाता गरेको हो। विश्वका विकसित राष्ट्रमा प्रयोग भइरहेका प्रविधिलाई अन्नपूर्णले स्वागत गरेको हो,' बस्नेतले भने।

अन्नपूर्णले विभिन्न सूचनामूलक सामग्रीसहित एआईमा आधारित डिजिटल प्लेटफर्म 'सम्पूर्ण' सुपर एप प्रयोगमा ल्याइसकेको छ। सम्पूर्णमा समाचार, विचार, विश्लेषण, तस्बिर, भिडियोसहित विभिन्न सूचनामूलक सामग्रीहरू छन्। नेपाली सञ्चारमाध्यममा पहिलोपल्ट सिर्जित यस्तो प्लेटफर्मबाट नागरिकले आफ्ना सूचना र सन्देश आफैं प्रवाह गर्न सक्नेछन्। यो डिजिटल प्लेटफर्मको शुभारम्भ समारोहको एआई होस्टसमेत वाणीबाटै भएको थियो।

Tilganga
INSTITUTE OF OPHTHALMOLOGY

**Invitation for Bid Notice**

**Date of Bid publication: August 6, 2026**

1. Nepal Eye Program, Tilganga Institute of Ophthalmology (NEP/TIO) invites sealed bids from eligible and qualified suppliers/contractors for the 'OT Renovation Works at Swoyambhu TSCEC'as detailed below. Bid ID: NEP/TIO/Renov._SWBU-02/2083/84.

| S. N. | Description of Works | Bid bond (120 days validity) | Bid document fee | Last date of Bid Purchase | Last date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | OT Renovation Works at Swoyambhu TSCEC | 95,000.00 | 3,000.00 | 23 August 2026, 5:00 p.m | 24 August 2026, 12:00 noon | 24 August 2026, 12:30 p.m. |

2. A complete set of the Bidding Documents may be purchased, and further information may be obtained, from the Procurement Department of Nepal Eye Program, Tilganga Institute of Ophthalmology (NEP/TIO) by eligible bidders.
3. The non-refundable bid document fee shall be deposited in the account of '**Nepal Eye Program, Surgi Center'** maintained at Prabhu Bank Ltd., **Account No.: 0010079046500441**.
4. The outer envelope shall be clearly marked with submitted by, submitted to, and the project name.
5. NEP/TIO reserves the right to accept or reject, in whole or in part, any or all bids without assigning any reason whatsoever.

## सम्पादकीय

# लघुवित्त पीडितमाथिको सरकारी चित्त

ठूला बैंकहरू गाउँघरतिर पुग्दैनन्। करोड र अर्बको निक्षेप अनि कर्जामा ध्यान दिन्छन्। बाख्रा पाल्ने, तरकारी खेती गर्ने वा सानोतिनो कुटिर उद्यम गर्नेहरूले ऋण लिन साहु, महाजनबाट चक्रवर्ती ब्याजको भार बोक्नुपर्छ। हो, त्यस्तै नहोस् भनेर लघुवित्त संस्थाको अवधारणा आएको हो। तर तिनै संस्था पनि साहु र सुदखोरको अवतारमा प्रकट भएपछि देशभरका लघुवित्त पीडित आन्दोलित हुनु परेको छ। आन्दोलन पनि तीन वर्षदेखि नै छ। त्यसो त २०८० सालको चैतमै तत्कालीन सरकारले ६ बुँदे सहमति गऱ्यो। अनि नेपालमा त्यही प्रवृत्तिको पुनरावृत्त भयो, अर्थात् सहमति कार्यान्वयन भएन। अहिले फेरि लघुवित्त पीडितहरू काठमाडौंको माइतीघर मण्डलमा धर्ना बस्नु परेको छ।

यहाँ राज्यले दुइटा भुल गरेको छ, पहिलो भुल त उसले लघुवित्तको मर्म बुझेन र फुक्काफाल छाड्यो। निमुखा गरिब किसानलाई ऋणको पासोमा पार्ने अवसर दियो। अहिले आएर फेरि तिनलाई न्याय दिन पनि चुक्यो। लघुवित्तको मर्म भनेकै साहुमहाजनको खल्तीको पैसा ऋण लिन नपरोस्, ब्याजको जाँतोमा पिसिन नपरोस्। ऋणको ब्याजमाथि ब्याज र स्याज हुँदै घरखेत उठिबास नहोस्। कसैसँग धितो छैन भने पनि ऋण पाओस् भन्ने उद्देश्य हो। दार्शनिक जोनाथन स्विफ्टले सन् १७२० मा 'आयरिस च्यारिटी लोन फन्ड' बाटा थोरै ऋण किसानलाई उपलब्ध गराएका थिए। जर्मनीका फ्रान्क राफाइसेनले किसानलाई साहुको शोषणबाट जोनाथनको जस्तै लघुऋणको अवधारणा कार्यान्वयन गराए। हाम्रै छिमेक बंगलादेशका मोहम्मद युनुसले आफ्नै खल्तीको पैसा बिनाधिता किसानलाई दिएर लघुवित्तको अवधारणा फैलाएनन् मात्रै नोबल पुरस्कारै जिते। युनुस अवधारणाको 'ग्रामीण बैंक' बंगलादेशमा निकै लोकप्रिय भयो। सुरुमा क्रान्ति गरेको ग्रामीण बैंक नै पछि सुदखोरको अवतारमा प्रकट भएपछि बंगलादेशीहरूकहाँ पनि अहिले हाम्रोमा जस्तै हालत भएको थियो। भारतमा त लघुवित्तको ऋणको पासोमा परेका सयौंले आत्महत्या नै गरेका छन्। पुँजीवादका पिता मानिने एडम स्मिथले समेत नैतिकतासहितको नाफा भनेको बिर्सेर खुला आर्थिक नीतिका नाममा नियमनको लगाम खुकुलो बनाउनु पनि राज्यको भुल थियो।

हाम्रो राज्यले भने न आयरल्यान्ड वा जर्मनीको इतिहास पढ्यो र शिक्षा लियो बंगलादेश र भारतको पाठबाट। अनि नाफाको दौडमा हुइँकिए हाम्रा लघुवित्त संस्था। पुँजीको प्रवृत्ति नै नाफाको खोजी भयो। जसरी हुन्छ, ऋण भिडाउने अनि पछि जसरी पनि उठाउनेमात्रै ध्याउन्न हाम्रा कतिपय लघुवित्तले राखे। खासमा बैंक होस् या लघुवित्त उसको काम बचत वा ऋणमात्रै होइन भन्ने सामान्य साक्षरताविपरीत अभ्यास भइरहँदा राज्य मूकदर्शक बनिरह्यो। ऋण दिनले उद्यमशीलता र उत्पादनका लागि पनि सघाउने कर्तव्य राख्छ, जोखिम सबै ऋणीको होइन भन्ने आधारभूत अवधारणाको पनि सुझबुझ नभएकाहरूलाई न नियामक राष्ट्र बैंकले कुनै शिक्षा दियो न सबक नै। त्यसैको परिणति हो आज लघुवित्त पीडितको अवस्था। धनीलाई सस्तो ब्याज र गरिब किसानलाई चर्को ब्याज लिएर ढाड सेक्ने नीतिको परिणति नै आज देखिएको हो। राज्यले वाणिज्य बैंकहरूलाई लघुवित्त संस्थाहरूमार्फत वा आफैंले पनि लघुवित्तमा लगानी गर्नै पर्ने जुन नीति बनाएको छ, त्यसमा नाफा नखोज्ने, सेवामात्रै गर्ने नियम अख्तियार गरेन, जति चुसे पनि चुस, ऋणचाहिँ देऊ भनेजस्तो गऱ्यो। हो, अबको समाधानका लागि यी सब विषय ख्याल गरिनुपर्छ। गरिबलाई निमोठ्ने नाफाखोरी होइन, उद्यमशील बनाउने, इलमी बनाउने र पुँजी दिने नीति र वातावरण बनाउनुपर्छ। त्यसअघि त सबैभन्दा पहिला अहिले उठेको आन्दोलनका माग तुरुन्तै सम्बोधन गर्नुपर्छ। त्यसपछि फेरि आन्दोलन नहोस् भन्ने गरी लघुवित्तको मर्मअनुसारको नीति बनाएर कार्यान्वयन गर्नुपर्छ। लघुवित्त पीडितमाथिको सरकारी चित्त सानो होइन, फराकिलो हुनुपर्छ।

# बिजुलीमा कर, अवसरमा प्रहार

अबको बाटो भनेको सरकारले घरायसी बिजुलीमाथिको भ्याट फिर्ता लिनुपर्छ।



ज्ञानेन्द्र घले

अग्रमत




नेपालमा वर्षायाममा उत्पादकहरूलाई बिजुली उत्पादन घटाउनुपर्ने बाध्यता छ। पेट्रोलियम पदार्थ आयातमा वार्षिक करिब ३ खर्ब ३७ अर्ब खर्च हुन्छ। नेपालको प्रतिव्यक्ति विद्युत् माग विश्व औसतको करिब दशांशमात्र छ। यस्तो अवस्थामा मासिक ५० युनिटभन्दा बढी बिजुली प्रयोग गर्ने घरपरिवारको अतिरिक्त खपतमा भ्याट लगाउनु उचित हुँदैन। यस्तो नीतिले विद्युतीकरणलाई प्रोत्साहन गर्नुको सट्टा आयातित इन्धनमाथिको निर्भरतालाई अझै बढाउँछ।

सरकारले निजी शिक्षा र स्वास्थ्य सेवामा लगाएको तीन प्रतिशत समता शुल्क चौतर्फी विरोधपछि फिर्ता लिएको छ। यो स्वागतयोग्य कदम हो। समता शुल्क र बिजुलीमाथिको भ्याट कानुनी रूपमा एउटै होइनन्। तर निर्णयले एउटा महत्त्वपूर्ण सिद्धान्त स्थापित गरेको छ: समाजलाई फाइदा पुऱ्याउने सेवाको लागत बढाउने करले नागरिकमाथि अनावश्यक भार पार्छ भने त्यस्तो करमा पुनर्विचार गर्नुपर्छ। यही सिद्धान्त मासिक ५० युनिटभन्दा बढी बिजुली प्रयोग गर्ने घरपरिवारमाथि लगाइएको पाँच प्रतिशत भ्याटमा पनि लागू हुनुपर्छ। नयाँ व्यवस्थाअनुसार पहिलो ५० युनिटमा भ्याट लाग्दैन। पाँच प्रतिशत भ्याट त्यसभन्दा माथिका अतिरिक्त युनिटको महसुलमा मात्र लाग्छ। उदाहरणका लागि, ६० युनिट खपत गर्ने परिवारले १० युनिटको महसुलमा मात्र भ्याट तिर्छ। तर ५० युनिटको सीमा आवश्यक र विलासी खपत छुट्ट्याउने उचित आधार होइन। इन्डक्सन वा इन्फ्रारेड विद्युतीय चुलो, फ्रिज वा पानी पम्प चलाउने परिवारले सहजै यो सीमा पार गर्छ। घरमै विद्युतीय गाडी चार्ज गर्दा खपत अझ बढ्छ। यसरी एलपी ग्यास, पेट्रोल वा डिजेलको सट्टा स्वदेशी बिजुली प्रयोग गर्ने धेरै परिवार पनि करको दायरामा पर्छन्।

नेपाल विद्युत् प्राधिकरणको तथ्यांकअनुसार ५० युनिटभन्दा बढी खपत गर्ने घरायसी ग्राहक करिब २६ लाख छन्। तर अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेटपछिको पत्रकार सम्मेलनमा प्रस्तुत गरेको विवरणअनुसार ५१ देखि १५० युनिट खपत गर्ने करिब १२ लाख र १५१ देखि २५० युनिट खपत गर्ने करिब दुई लाख घरधुरी छन्। यी तथ्यांकले फरक खपत समूह वा आधार अवधि समेटेका हुन सक्छन्। सरकारले प्रयोग गरेको आधार, अवधि र सबै खपत समूहको पूर्ण विवरण सार्वजनिक गर्नुपर्छ। करको रकम धेरै नहुन सक्छ। तर ऊर्जा रूपान्तरणमा मूल्यले दिने सन्देश महत्त्वपूर्ण हुन्छ। आयातित इन्धन छाड्न आग्रह गर्ने, अनि त्यसो गर्ने नागरिकको लागत बढाउने नीति आपसमा मेल खाँदैन।

**न्यून खपत, उल्टो नीति** : अन्तर्राष्ट्रिय संस्था एम्बरको सन् २०२६ मा अद्यावधिक तथ्यांकअनुसार सन् २०२४ मा नेपालको प्रतिव्यक्ति विद्युत् माग ३७२ किलोवाट-घण्टा थियो। सार्क मुलुकहरूमध्ये नेपालले अफगानिस्तानलाई मात्र उछिनेको छ। भारतमा यस्तो माग १,४०२ किलोवाट-घण्टा र विश्व औसत ३,७९० किलोवाट-घण्टा थियो। सरकारी र अन्तर्राष्ट्रिय तथ्यांकका सूचक फरक भए पनि नेपालको विद्युत् प्रयोग निकै कम छ भन्ने निष्कर्ष बदलिँदैन। ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३ को मस्यौदाले सन् २०३५ सम्म प्रतिव्यक्ति खपत १५ सय युनिट पुऱ्याउने लक्ष्य राखेको छ। त्यो लक्ष्य हासिल गर्न विद्युत् खपत बढाउनुपर्छ, थप खपतको लागत बढाएर निरुत्साहित गर्न होइन।

**वर्षामा बिजुली खेर, वर्षभरि इन्धन आयात** : प्रसारण संरचना, आन्तरिक माग र निर्यात क्षमता पर्याप्त नहुँदा नेपाल विद्युत् प्राधिकरणले वर्षायाममा केही जलविद्युत् आयोजनालाई उत्पादन घटाउन निर्देशन दिएको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपालले उच्च उत्पादन हुने समयमा करिब ९०० मेगावाटसम्म बिजुली उपयोग हुन नसक्ने जोखिम औंल्याएको छ। यो उत्पादकहरूको अनुमान हो, तर उत्पादन कटौती भइरहेको तथ्य स्पष्ट छ। भन्सार विभागको पूर्ण आर्थिक वर्ष २०८२/८३ को तथ्यांकअनुसार डिजेल, पेट्रोल, एलपी ग्यास, हवाई इन्धन र मट्टीतेल गरी प्रमुख पेट्रोलियम पदार्थ आयातमा करिब ३३७ अर्ब ३० करोड खर्च भएको छ।

यो कुल वस्तु आयातको करिब १६.१ प्रतिशत हो। यसमध्ये डिजेलमा रु १७२ अर्ब ४३ करोड, पेट्रोलमा रु ७७ अर्ब २७ करोड, एलपी ग्यासमा रु ६० अर्ब २८ करोड, हवाई इन्धनमा रु २६ अर्ब ६५ करोड र मट्टीतेलमा करिब रु ६७ करोड ७० लाख बाहिरिएको छ। यो सम्पूर्ण आयात तत्काल बिजुलीले प्रतिस्थापन गर्न सक्दैन। तर खाना पकाउने र सडक यातायातमा विद्युतीकरण विस्तार गरेर तेल र ग्यास आयातको उल्लेख्य हिस्सा क्रमश: घटाउन सकिन्छ। नेपाल एकातिर आफ्नै स्वच्छ बिजुलीको उत्पादन घटाउन बाध्य छ; अर्कोतिर आयातित इन्धन किन्न अर्बौं रुपैयाँ विदेश पठाइरहेको छ।

**सस्तो, स्वच्छ र स्वस्थ** : स्मार्ट मिटर र समयअनुसार फरक महसुल लागू गर्न सके विद्युतीय गाडी कम माग हुने रातिको समयमा चार्ज गर्न सकिन्छ। यसले साँझको उच्च मागमा दबाब नदिई राति र वर्षायामको बिजुली उपयोग बढाउँछ। भान्सामा पनि यही सम्भावना छ। विश्व बैंकको सन् २०२५ को अध्ययनअनुसार उपभोक्ताले प्रत्यक्ष बेहोर्ने लागतका आधारमा इन्फ्रारेड विद्युतीय चुलोबाट खाना पकाउँदा एलपी ग्यासको तुलनामा काठमाडौंमा २२ प्रतिशत र राष्ट्रियस्तरमा ३५ प्रतिशत सस्तो पर्ने अनुमान छ।

सन् २०२४ मा द ल्यान्सेट प्लानेटरी हेल्थमा प्रकाशित मोडेलमा आधारित अध्ययनले सामाजिक लाभ र बाह्य प्रभाव समेटिएको स्वच्छ खाना पकाउने परिदृश्यमा नेपालमा वार्षिक करिब ९,५६३ अकाल मृत्यु रोक्न सकिने अनुमान गरेको छ। त्यसैले विद्युतीकरण ऊर्जा र अर्थतन्त्रको मात्र होइन, जनस्वास्थ्यको पनि विषय हो। एलपी ग्यासको मूल्य नागरिकले धान्न सक्ने गरी व्यवस्थापन गर्नुपर्छ। तर त्यसको विकल्पमा स्वदेशी बिजुली प्रयोग गर्ने परिवारमाथि कर थप्ने नीति विरोधाभासी छ। सबै उपभोक्तालाई समान मूल्य सहायता दिनुभन्दा विपन्न परिवारलाई विद्युतीय चुलो, सुरक्षित तार, मिटर र भरपर्दो आपूर्तिका लागि लक्षित सहयोग दिनु प्रभावकारी हुन्छ।

बढी खपत गर्ने उपभोक्ताबाट प्रणालीको लागतअनुसार उच्च महसुल लिन सकिन्छ। तर ऊर्जा रूपान्तरणलाई प्रोत्साहन गर्नुपर्ने बेला खपतमा सामान्य भ्याट थप्नु र प्रगतिशील महसुल संरचना अपनाउनु एउटै कुरा होइन। सरकारको तर्क किन कमजोर छ ? अर्थमन्त्रीका अनुसार ५१ देखि १५० युनिटसम्म प्रयोग गर्ने परिवारमा मासिक भार बढीमा करिब रु. २४ मात्र पर्छ। सरकारले ऊर्जा पूर्वाधार सुधारका लागि ठूलो लगानी चाहिने तर्क पनि गरेको छ। पूर्वाधार बलियो बनाउनुपर्नेमा विवाद छैन। तर भ्याटबाट उठेको राजस्व छुट्टै कोषमा राखिने वा स्वत: नेपाल विद्युत् प्राधिकरणको पूर्वाधारमै खर्च हुने व्यवस्था सरकारले सार्वजनिक गरेको छैन।

भ्याट प्रणालीमा प्रवेश गरेपछि प्राधिकरणले खरिद सामग्रीमा तिरेको करको क्रेडिट पाउन सक्छ। तर त्यसबाट हुने बचत उपभोक्ताको महसुलमा कसरी र कति हस्तान्तरण हुन्छ भन्ने सरकारले स्पष्ट गरेको छैन। प्रधानमन्त्री वालेन्द्र शाहले सबै घरमा इन्डक्सन चुलो प्रयोग भए ट्रान्सफर्मर र सबस्टेसन 'पडकने' बताएका थिए। नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङले यसलाई प्राविधिक यथार्थसँग नमिल्ने बताएका छन्। उनका अनुसार देशमा १४ हजार एमभीएभन्दा बढी सबस्टेसन र पाँच हजार एमभीएभन्दा बढी वितरण ट्रान्सफर्मर क्षमता सञ्चालनमा छ।

कुल राष्ट्रिय क्षमताले प्रत्येक स्थानीय फिडर पर्याप्त छ भन्ने प्रमाणित गर्दैन। तर स्थानीय समस्या देखिएका ठाउँमा ट्रान्सफर्मर, तार र सबस्टेसन सुधार गर्नुपर्छ। कमजोर पूर्वाधारका नाममा परिवारलाई पुन: ग्यास, पेट्रोल र डिजेलतर्फ धकेल्नु हुँदैन। अबको बाटो भनेको सरकारले घरायसी बिजुलीमाथिको भ्याट फिर्ता लिनुपर्छ। आधारभूत खपतका लागि हालको सहुलियतपूर्ण महसुल कायम राख्दै वर्षायाम र कम माग हुने समयमा थप सस्तो महसुल लागू गर्नुपर्छ। स्मार्ट मिटर र समयअनुसार फरक महसुलमार्फत विद्युतीय चुलो, रातिको ईभी चार्जिङ, सिँचाइ र उत्पादनमूलक गतिविधिलाई प्रोत्साहन गर्न सकिन्छ। साँझको उच्च मागमा भने प्रणालीको लागतअनुसार महसुल लिन सकिन्छ।

विद्युत् नियमन आयोग र नेपाल विद्युत् प्राधिकरणले वितरण प्रणाली सुधारको मापनयोग्य कार्यतालिका सार्वजनिक गर्नुपर्छ। सरकारले सन् २०३५ सम्म प्रतिव्यक्ति खपत १५ सय युनिट पुऱ्याउने लक्ष्य हासिल गर्न प्रत्येक वर्षका मापनयोग्य उपलब्धि र कार्ययोजना सार्वजनिक गर्नुपर्छ। व्यावसायिक रूपमा लाभ हुँदा नेपालले बिजुली निर्यात गर्नुपर्छ। तर निर्यातलाई नेपाली भान्सा, यातायात, कृषि र उद्योगको विद्युतीकरणको विकल्प बनाउनु हुँदैन। निर्यात र स्वदेशी खपत प्रतिस्पर्धी होइनन्; दुवै एकअर्काका पूरक हुन्। आयातित पेट्रोलियम इन्धन किन्न अर्बौं रुपैयाँ खर्च गर्ने तर आफ्नै स्वच्छ बिजुली प्रयोग गर्दा कर लगाउने नीति विवेकपूर्ण हुन सक्दैन।

यो आफ्नै बिजुलीमाथि करमात्र होइन, आफ्नै अवसरमाथिको प्रहार हो।

> निर्यातलाई नेपाली भान्सा, यातायात, कृषि र उद्योगको विद्युतीकरणको विकल्प बनाउनु हुँदैन। निर्यात र स्वदेशी खपत प्रतिस्पर्धी होइनन्; दुवै एकअर्काका पूरक हुन्।

# कल्याणकारी राज्य कि कर संकलक



डा. बालकृष्ण साह

पूर्वीय दर्शनले भन्छ- 'सर्वे भवन्तु सुखिन:।' अर्थात्, राज्यको अन्तिम लक्ष्य नागरिकको सुख र सन्तुष्टि हो। राज्यको दायित्व र शासकको मूल धर्मबारे भनेको यथार्थ पनि यही हो अर्थात्, सबै सुखी होऊन्, सबै निरोगी र रोगमुक्त होऊन्। तर अहिले हाम्रो यथार्थ बिलकुल फरक छ। बिरामी अस्पतालमा सामान्य उपचार नपाएर छटपटिएका छन्, युवाहरू देशमा भविष्य नदेखेर दिनहुँ विमानस्थलबाट बाहिरिइरहेका छन्।

यता, राज्य भने शिक्षा र स्वास्थ्यजस्ता आधारभूत अधिकारलाई नाफा-घाटाको तराजुमा जोख्दै 'नागरिकबाट अझै कति कर निचोर्ने ?' भन्ने ध्याउन्नमा मग्न छ। के सरकारको दायित्व केवल कर उठाउने 'व्यापारी' बन्नुमात्र हो ? उत्पादन र गुणस्तरीय सेवाको प्रत्याभूति नगरी नागरिकको ढाड सेक्ने सरकार कतै 'कल्याणकारी राज्य' को बाटो बिराएर केवल 'कर संकलक' त बन्दै छैन ? प्रस्तुत लेखले राज्यको यसै नीतिगत विचलनको गहिरो चिरफार गर्छ। तर, पछिल्ला नीतिगत निर्णय र बजेटका व्यवस्थाहरूलाई नियाल्दा एउटा गम्भीर प्रश्न उब्जिएको छ, के हाम्रो सरकार कल्याणकारी राज्यको संवैधानिक दायित्व र उत्पादनशील अर्थतन्त्र निर्माणबाट पन्छिएर केवल 'राजस्व संकलक'मा सीमित हुन खोज्दैछ ? राज्य सञ्चालन वा सार्वजनिक कार्यक्रमहरूमा समेत नाफा-घाटाको प्रश्न अगाडि सारिएको जस्तो भान हुन्छ।

१. **करको भार र नीतिगत विचलन** : हालै निजी शिक्षा र स्वास्थ्य सेवामा प्रस्ताव गरिएको तीन प्रतिशत 'समता शुल्क' चौतर्फी विरोधपछि खारेज गरियो। तर, विदेश अध्ययनमा जाने विद्यार्थीका लागि वैदेशिक मुद्रा सटहीमा तीन प्रतिशत शिक्षा सेवा शुल्क थप्नेजस्ता व्यवस्थाहरू अझै कायम छन्। नागरिकको विरोधपछि केही कर फिर्ता हुनु सकारात्मक भए पनि बजेट निर्माणको मूल मानसिकता अझै पनि 'नागरिकलाई कसरी गुणस्तरीय सेवा दिने वा उत्पादन बढाउने ?' भन्दा पनि 'कहाँबाट थप कर निचोर्ने ?' भन्नेमै केन्द्रित देखिन्छ। नेपालीमा एउटा चल्तीको उखान छ, 'गाई नदुहुने, दूधको आशा गर्ने।' ठ्याक्कै त्यस्तै आन्तरिक उत्पादन र सेवाको गुणस्तर नबढाउने, तर करको दर मात्र बढाउन खोज्ने प्रवृत्ति सरकारले देखाएको छ।

२. **स्वास्थ्य बिमा– सामाजिक सुरक्षामा दरार** : नेपालको संविधानको धारा ३५ ले स्वास्थ्यलाई मौलिक हक मानेको छ। यसलाई साकार पार्न ल्याइएको स्वास्थ्य बिमा कार्यक्रम अहिले गम्भीर संकटमा छ। बिमाको मूल दर्शन 'जोखिमको साझा व्यवस्थापन' हो। तर, हाम्रो प्रणालीमा बिमालाई सामाजिक सुरक्षाको साटो 'वित्तीय नाफा-घाटा र प्रशासनिक बोझ'को आँखाबाट हेर्न थालियो। स्वास्थ्य बिमा बोर्डले निजी तथा सरकारी अस्पतालहरूलाई अर्बौं रुपैयाँ शोधभर्ना दिन बाँकी छ। एकातिर भुक्तानी नपाएका कारण कैयौं अस्पतालहरूले बिलौना गरिरहेका छन् भने अर्कोतिर, सरकारले स्वास्थ्य बिमा सञ्चालन गरिरहेका निजी अस्पतालहरूबाट एक्कासि यो कार्यक्रम फिर्ता लिएको छ। विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार नेपालमा अझै पनि कुल स्वास्थ्य खर्चको ५० प्रतिशतभन्दा बढी रकम नागरिकले आफ्नै खल्तीबाट व्यहोर्नुपर्छ (आउट अफ पकेट एक्सपेन्डिचर)। यसलाई कम गर्न नै स्वास्थ्य बिमा कार्यक्रम लागू गरिएको हो।

यसको व्यवस्थापनमा कमी, कमजोरी पक्कै थिए, सरकारलाई आर्थिक भार पनि थियो। तर, सरकारी कार्यक्रम आर्थिक नाफाका लागि होइन, स्वास्थ्य सुरक्षाका लागि हो भनेर बुझ्न जरुरी थियो र अझै छ। सरकारी अस्पतालका सेवा चुस्तदुरुस्त बनाएरमात्र बिस्तारै निजी अस्पतालहरूबाट यो कार्यक्रम हटाएको भए सायद नागरिकले यतिबिघ्न सास्ती खेप्नु पर्दैनथ्यो होला। तर, सरकारी अस्पतालको स्तरोन्नति नै नगरी सम्पूर्ण निजी अस्पतालबाट कार्यक्रम हटाइएको छ। नागरिकले बिमा शुल्क (प्रिमियम) र कर दुवै तिरेर पनि अस्पतालको फार्मेसीमा औषधि पाउँदैनन् र उपचारका लागि घण्टौं लाइन बस्नुपर्छ। यस्तो अवस्थामा बिमा कार्यक्रम 'कल्याणकारी' नभई अप्रत्यक्ष कर मात्र बन्न पुगेको छ भन्दा फरक नपर्ला।

३. **शिक्षा र रोजगारीमा खर्बौंको उडान** : हरेक वर्ष लाखौं युवा वैदेशिक अध्ययन र रोजगारीका नाममा बाहिरिरहेका छन्। नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार वार्षिक एक खर्ब रुपैयाँभन्दा बढी रकम 'शिक्षाका लागि' वैदेशिक मुद्राका रूपमा बाहिरिने गरेको छ। सरकारले बाहिर जाने विद्यार्थीमाथि कर बढाएर वैदेशिक मुद्रा जोगाउने अल्पकालीन र टालटुले सोच राखेको देखिन्छ। तर, 'नेपाली विद्यार्थी किन बाहिरिइरहेका छन् ?' भन्ने मूल प्रश्नको समाधान भने खोजिएको छैन।

शिक्षाको गुणस्तर अन्तर्राष्ट्रिय स्तरको बनाउने, विश्वविद्यालयहरूलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउने र बजार सुहाउँदो रोजगारी सिर्जना गर्नेतर्फ ध्यान नदिई केवल कर थपेर विद्यार्थी रोक्न खोज्नु 'दुखेको टाउको, पेटमा मलम' लगाए जस्तै हो। हाम्रो शिक्षा किन अन्तर्राष्ट्रिय स्तरको हुन सकेन ? यसलाई विश्व बजारमा कसरी बेच्ने ? अध्ययनका लागि बंगलादेश, फिलिपिन्स र चीन जाने पाकिस्तानी तथा भारतीय विद्यार्थीहरू (विशेषत: चिकित्सा अध्ययनका लागि) नेपालमा किन भित्र्याउन सकिँदैन ? यसतर्फ राज्यको सोच पुगेको देखिँदैन।

४. **गुमेको अवसर – नेपाललाई 'एजुकेसन र मेडिसिन हब' बनाउने सम्भावना** : दक्षिण एसियामै नेपालसँग स्वास्थ्य र चिकित्सा शिक्षाको ठूलो प्राकृतिक र भौतिक सम्भावना छ। भारतलगायत छिमेकी मुलुकका हजारौं विद्यार्थीहरू नेपालमा एमबीबीएस, बीडीएसलगायतका अन्य स्वास्थ्य विधा अध्ययन गर्न इच्छुक छन्। यदि सरकारले मेडिकल कलेज र शिक्षण अस्पतालहरूको नीतिगत गाँठो फुकाउने, अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार र जनशक्ति थप्ने र विदेशी विद्यार्थीका लागि भिसा तथा भर्ना प्रक्रिया सरल र पारदर्शी बनाउने हो भने, नेपाल 'मेडिकल र उच्च शिक्षाको हब' बन्न सक्छ।

आँखाको उपचारका लागि भारतबाट मात्र होइन, बंगलादेशबाट समेत बिरामीहरू नेपाल आउने गरेका छन्। आँखाको उपचार जस्तै अन्य उपचारका लागि पनि विदेशी बिरामीलाई नेपाल भित्र्याउन नसकिने होइन। तर, यसका लागि सहज प्रक्रिया, गुणस्तरीय सेवा र पारदर्शिता हुन आवश्यक छ। स्वास्थ्य शिक्षा र सेवा दुवैले एकातिर देशको व्यापार घाटा कम गर्छ भने अर्कोतिर विदेशी मुद्रा भित्र्याउने ठूलो र दिगो स्रोत बन्छ। तर, यस्ता उत्पादनशील र दूरदर्शी क्षेत्रमा ध्यान दिनुको सट्टा सरकार सर्वसाधारणमाथि उपभोग्य र सेवा कर थपेर ढुकुटी भर्ने उपायतर्फ मात्र केन्द्रित हुनु विडम्बना हो।

५. **उत्पादनहीन राजस्व नीति र अन्तर्राष्ट्रिय अभ्यास** : चाणक्य नीतिमा भनिएको छ, 'प्रजाको सुखमै राजाको सुख निहित हुन्छ र प्रजाको हितमै राजाको हित हुन्छ।' कुनै पनि देश केवल कर बढाएर समृद्ध बनेको इतिहास छैन। समृद्ध देशहरूले या त स्क्यान्डेनेभियन मोडल (नर्वे, स्विडेन) अपनाउँछन्, जहाँ नागरिकबाट उच्च कर लिइन्छ, तर शिक्षा र स्वास्थ्य शतप्रतिशत नि:शुल्क र विश्वस्तरीय हुन्छ। या त उत्पादन र निर्यातमुखी मोडल (भियतनाम, थाइल्यान्ड) अपनाउँछन्, जहाँ आन्तरिक उत्पादन, उद्योग र सेवा निर्यात बढाएर राष्ट्रिय आम्दानी बढाइन्छ। हाम्रा नीति निर्माताहरू भने न त शतप्रतिशत नि:शुल्क सेवा दिन तयार छन्, न त आन्तरिक उत्पादन र निर्यात बढाउन नीतिगत सहजता दिन नै खोजेका छन्। फजुल खर्च र प्रशासनिक चुहावट नरोकी केवल नागरिकको ढाड सेक्ने कर नीतिले दीर्घकालीन रूपमा अर्थतन्त्रलाई झन् जर्जर बनाउँछ।

**निष्कर्ष** : नागरिक स्वस्थ, शिक्षित र उत्पादनशील भएमात्र राज्य सबल हुन्छ। राज्यको ढुकुटीमा अंक थपिने, तर अस्पतालको आँगनमा बिरामीले र विश्वविद्यालयको ढोकामा विद्यार्थीले भविष्य नदेखेर भौंतारिनुपर्ने अवस्था आयो भने त्यो अर्थतन्त्र कागजमा समृद्ध देखिएला, तर राज्य भने असफल मानिनेछ। सरकारले कर असुल्ने 'व्यापारी'को भूमिका छाडेर अभिभावकीय 'संरक्षक'को दायित्व पूरा गर्नुपर्छ। खारेज गरिएको समता करबाट पाठ सिक्दै, शिक्षा र स्वास्थ्यलाई व्यापार घाटा घटाउने र मानव पुँजी निर्माण गर्ने मूल खम्बाको रूपमा विकास गरिनुपर्छ।

राज्यको सफलता कर संकलनको वृद्धिले मात्र मापन हुँदैन; नागरिक स्वस्थ, शिक्षित, सुरक्षित र आशावादी छन् कि छैनन् भन्ने नै वास्तविक मापन हो। जब राज्यले शिक्षा, स्वास्थ्य र उत्पादनमा लगानी गर्छ, त्यतिबेला कर आफैं बढ्छ। तर जब कर बढाउनकै लागि मात्र नीति बनाइन्छ, उत्पादन घट्छ र नागरिकको विश्वास पनि कमजोर बन्छ। त्यसैले, नेपालले राजस्वमुखी सोचभन्दा अघि बढेर मानव पुँजी, उत्पादन र नवप्रवर्तनमा आधारित कल्याणकारी राज्यको मार्ग रोज्नु आजको सबैभन्दा ठूलो आवश्यकता हो।

## पाठकपत्र

### ग्यास आपूर्ति कम भएको हो ?

आधा सिलिन्डर ग्यास दिँदा बजारमा खासै समस्या थिएन, तर अहिले 'भरी सिलिन्डर ग्यास पाइने' भन्नेबित्तिकै ग्यास पसलहरूमा लामो लाइन देखिन्छ। यस्तो किन भइरहेको छ, नागरिकलाई थाहा छैन। ग्यास आपूर्तिमै कमी आएको हो कि व्यापारीले चलखेल गरेका हुन् ? सम्बन्धित निकायले तत्काल अनुगमन गरी सत्यतथ्य जनतालाई जानकारी गराउनुपऱ्यो। आधा सिलिन्डर ग्यास वितरण गर्दा तौल धेरै कम आउने गरेको गुनासो थियो। कम्तीमा अहिले पूरा सिलिन्डर पाइने भयो भनेर नागरिक खुसी भएका थिए। तर, बिडम्बना! अहिले ग्यास नै पाइँदैन। अब के गर्ने ? कसलाई भन्ने ? नेपाल आयल निगमले बजारमा ग्यास पर्याप्त छ भनिरहँदा किन खाना पकाउने ग्यासको यति धेरै अभाव भएको छ ? एक सिलिन्डर ग्यास लिनका लागि एक महिनाअघिदेखि नाम लेखाउनुपर्ने बाध्यता छ। त्यति गर्दा पनि सहजै पाइँदैन, घण्टौं लाइन बस्नुपर्छ।

ज्यालादारी गर्ने सर्वसाधारणलाई दिनभरि काम गर्न जाने कि ग्यासको लाइनमा बस्ने भन्ने पिरलो छ। ग्यास पसलेहरूले भने आफ्ना नजिकका मान्छे र पहुँचवालालाई लुकाएर ग्यास दिइरहेका छन्। अभाव नै हो भने सबैका लागि हुनुपर्ने होइन र ? पैसा तिरेर पनि सहज रूपमा किन्न नपाइने यो कस्तो व्यवस्था हो ? अर्कोतर्फ, सरकारले बिजुलीमा ३ प्रतिशत अतिरिक्त कर लगाएको छ। सरकार र मन्त्रीहरूलाई महँगी भत्ता आउला, उनीहरूलाई यसले खासै फरक नपर्ला तर यसको प्रत्यक्ष मार सर्वसाधारणलाई परेको छ। एकातिर बिजुली बाल्न नसक्ने गरी महँगो भएको छ भने अर्कोतिर बजारमा ग्यास पाइँदैन। अनि, गरिब जनताले बिहान-बेलुका भात चाहिँ कसरी पकाएर खाने सरकार ?

*पुरुषोत्तम घिमिरे, जोरपाटी, काठमाडौं*

# कोशीमा हिक्मतकै निरन्तरता, बागमतीमा राप्रपा निर्णायक

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



अन्तत: तत्काललाई कोशी प्रदेशको मुख्यमन्त्रीमा हिक्मत कार्कीकै निरन्तरता हुने भएको छ। अध्यक्ष केपी शर्मा ओलीसँग दुई दिनदेखि भइरहेको छलफलबाट हाललाई कार्कीलाई नै निरन्तरता दिने सहमति भएको छ। एमाले कोशी प्रदेशका अध्यक्ष घनश्याम खतिवडाले एमाले-नेकपा गठबन्धनको सरकारको नेतृत्व कार्कीले नै गर्ने सहमति भएको बताए। उनले भने, 'हाललाई उहाँ (कार्की) कै निरन्तरता हुन्छ।' ओलीको भनाइ उद्धृत गर्दै खतिवडाले थपे, 'अध्यक्ष कमरेडले मुख्यमन्त्रीजीलाई 'अहिले काम गर्दै गर्नुस्, उपयुक्त समयमा निर्णय गर्छु' भन्नुभएको छ।'

मुख्यमन्त्री हिक्मत कार्की, एमाले कोशी अध्यक्ष खतिवडा र सचिव राजकुमार भण्डारीसँग दुई दिनदेखि ओलीले छलफल गरेका थिए। कार्कीसँग ओलीसँग एक्लाएक्लै पनि छलफल भएको थियो।

ओलीकै निर्वाचन क्षेत्रका कार्कीलाई हटाएर ताप्लेजुङबाट निर्वाचित तिलकुमार मेन्याङ्बोलाई ओलीको तर्फबाट नयाँ अनुहारका रूपमा मुख्यमन्त्रीका लागि अगाडि सारिएको थियो। त्यसका लागि पूर्वमुख्यमन्त्री समेत भइसकेका पार्टीका अर्का सचिव शेरधन राई नै खटिएका थिए।

कोशी प्रदेशको सबैभन्दा ठूलो दल एमाले नै हो। ९३ सिट रहेको कोशी प्रदेश सभामा एमालेको ४०, कांग्रेसको २९, नेकपाको १७, राप्रपाको ५ र जनता समाजवादी पार्टीको १ सिट छ।

बागमती प्रदेशको सरकार निर्माणमा राप्रपा तगारो भएको छ। राप्रपाको समर्थनबिना बागमती प्रदेशमा कसैको पनि बहुमत पुग्दैन। बागमती प्रदेशमा राप्रपाको मत नै निर्णायक छ। पछिल्लो समय कांग्रेस र एमालेको गठबन्धन भत्किएको छ। एमाले र नेपाली कम्युनिस्ट पार्टीले सहकार्य गर्ने सहमति गरेका छन्। तर बागमती प्रदेशमा एमाले र नेकपाको मत जोड्दा पनि बहुमत पुग्दैन। १ सय १० सदस्यीय बागमती प्रदेशसभामा कांग्रेस, एमाले, नेकपालगायतका ६ दल छन्। बहुमतका लागि ५६ सांसद चाहिन्छ। ३७ सिटसहित कांग्रेस पहिलो दल छ। नेकपा २७ र एमाले २७ सांसदसहित तेस्रो स्थानमा छन्। राप्रपासँग १३ सिट, नेमकिपासँग ३, हाम्रो नेपाली पार्टीसँग २ र लोकतान्त्रिक समाजवादी पार्टीसँग १ सिट रहेको छ।

एमालेको नेतृत्व राप्रपासँग संवादमा छ। तर राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले वर्तमान परिस्थितिमा राप्रपा कुनै पनि प्रदेश सरकारको सत्ता राजनीतिको गणितीय चलखेलमा सामेल नहुने बताएका छन्। पार्टीको केन्द्रीय समितिको बैठकपछि अध्यक्ष लिङ्देनले भने, 'केही प्रदेशहरूमा सरकार फेरबदलका सन्दर्भमा पनि छलफल गरेका छौं। यसमा राष्ट्रिय प्रजातन्त्र पार्टी सामेल छैन र त्यस प्रकारको गतिविधिमा राप्रपा लालायित पनि छैन।' उनले कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टी मिलेर जान पनि सुझाएका छन्। यतिले नभए राप्रपाले निर्णय नै गर्ने अवस्था आए उपयुक्त समयमा उपयुक्त निर्णय लिइने उनले बताए। राप्रपा मूलत: प्रदेश सरकारहरू कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीहरू मिलेरै बनाऊन् भन्ने धारणा राख्दछ। 'उपयुक्त समयमा उपयुक्त निर्णय लिने जिम्मेवारी अध्यक्षलाई दिने भन्ने टुंगो लागेको छ,' अध्यक्ष लिङ्देनले भने।

बागमतीमा एमालेको लफडा पनि सकिएको छैन। पार्टी सचिव बस्नेतको चाहना भक्तपुरकै किरण थापालाई मुख्यमन्त्री बनाउनेछ। तर संसदीय दलको नेता जगन्नाथ थपलिया भएका कारण उनी स्वत: हुने सहमति यसअघि नै भइसकेको हो। तर सोमबार सचिव बस्नेतको आग्रहमा गुण्डु बोलाइएका थपलिया बेहोस नै बने। थपलियालाई पन्छाउन खोजेपछि राति ओली निवास गुण्डुमा छलफलका क्रममा थपलिया बेहोस भएका थिए। पार्टी सचिव बस्नेतको बलमा थापाले हस्ताक्षर अभियान चलाएका थिए।

थापाले राप्रपालाई मिलाएर ल्याउने वाचा पनि गरेका थिए। बुधबार एकाएक राप्रपा उनको सम्पर्कबाट टाढिएको छ। पार्टी महामन्त्री राजेन्द्र गुरुङले बागमती प्रदेशका संसदीय दलका नेता उद्धव थापालाई सरकारमा सहभागी हुनेबारे कुनै निर्णय नगर्न निर्देशन दिएका छन्। उता राप्रपा निर्णायक शक्ति भएका कारण मुख्यमन्त्री इन्द्र बानियाँ पनि फकाउन लागिपरेका छन्।

## कप्तानगन्ज घटनाको क्षति विवरण सार्वजनिक

# तीन जनाको मृत्यु, ४० घाइते

**रत्नप्रसाद आचार्य** | *सुनसरी*



- सुनसरीको देवानगन्ज-३ कप्तानगन्जमा भएको साम्प्रदायिक हिंसामा ३ जनाको मृत्यु।
- घटनामा ४० जना घाइते, जसमध्ये १२ जना उपचाररत र २५ जना उपचारपछि डिस्चार्ज।
- ६९ वटा सवारीसाधनमा क्षति, अधिकांशमा आगजनी र तोडफोड। ११२ वटा घर तथा अन्य संरचनामा क्षति, धेरै पूर्ण रूपमा नष्ट।

सुनसरीको देवानगन्ज गाउँपालिका-३ कप्तानगन्जमा भएको साम्प्रदायिक तनाव र हिंसात्मक घटनापछि जिल्लाभर ठूलो मात्रामा मानवीय तथा भौतिक क्षति भएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता डीएसपी चन्द्र खड्काका अनुसार घटनामा हालसम्म तीन जनाको ज्यान गएको छ भने ४० जना घाइते भएका छन्।

डीएसपी खड्काले दिएको क्षति विवरणअनुसार घाइतेमध्ये १२ जना उपचाररत छन् भने २५ जना उपचारपछि डिस्चार्ज भइसकेका छन्। घटनाका क्रममा ६९ वटा सवारीसाधनमा क्षति पुगेको प्रहरीले जनाएको छ। तीमध्ये २ पांग्रे ५२ वटा सवारीसाधनमा क्षति पुगेको छ, जसमा ४४ वटा पूर्णरूपमा नष्ट भएका छन् भने ८ वटा आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। त्यस्तै, ३ पांग्रे ८ वटा सवारीसाधनमध्ये ५ वटा पूर्णरूपमा र ३ वटा आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। ४ पांग्रे ४ वटा सवारीसाधनमध्ये १ वटा पूर्णरूपमा नष्ट भएको तथा ३ वटा आंशिक रूपमा क्षतिग्रस्त भएको प्रहरीले जनाएको छ।

यसैगरी, सर्वसाधारणका ११२ वटा सम्पत्तिमा क्षति पुगेको विवरण प्रहरीले सार्वजनिक गरेको छ। जसअनुसार २३ वटा पक्की घरमा क्षति पुगेको छ। तीमध्ये १३ वटा पूर्ण रूपमा, १० वटा आंशिक रूपमा क्षतिग्रस्त भएका छन् भने १ वटा सामान्य क्षति भएको डीएसपी खड्काले बताए। कच्ची घरतर्फ ३४ वटा घरमा क्षति पुगेको छ।

तीमध्ये २५ वटा पूर्णरूपमा जलेर वा भत्किएर नष्ट भएका छन् भने ८ वटा आंशिक रूपमा र १ वटा सामान्य रूपमा क्षतिग्रस्त भएको उनले बताए। घटनामा ५० वटा घर तथा टहरामा पनि क्षति पुगेको प्रहरीले जनाएको छ। तीमध्ये ३७ वटा पूर्ण रूपमा नष्ट भएका छन् भने १३ वटा आंशिक रूपमा क्षतिग्रस्त भएका छन्।

२ वटा मन्दिरमा आंशिक क्षति पुगेको छ। ५ वटा अन्य संरचनामध्ये ३ वटा पूर्ण रूपमा, १ वटा आंशिक रूपमा तथा १ वटा सामान्य रूपमा क्षतिग्रस्त भएको प्रहरीले बताएक छ। एक वटा इट्टाभट्टामा पनि सामान्य क्षति पुगेको प्रहरीले जनाएको छ। घटनापछि सुरक्षा निकायले प्रभावित क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाएको छ। क्षतिको यथार्थ विवरण संकलन, पीडितको राहत तथा पुन:स्थापनाको काम सम्बन्धित निकायहरूसँग समन्वय गरेर अघि बढाइएको उनले बताए।

देवानगन्ज-३ मा भएको हिंसात्मक घटनापछि घर, सवारीसाधन तथा धार्मिक संरचनामा आगजनी, तोडफोड र लुटपाट भएको थियो। त्यसपछि जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा जारी गर्नुका साथै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनासमेत परिचालन गरिएको थियो। हाल अवस्था क्रमश: सामान्य बन्दै गए पनि घटनाको अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

# कारबाहीपछि वैदेशिक रोजगार व्यवसायी आन्दोलित

**अजवी पौडयाल** | *काठमाडौं*

व्यवसायीहरूले कारबाहीको विरोध गर्दै कामदार पठाउने प्रक्रिया ठप्प पार्ने चेतावनी दिएका छन्।

स्वीकृतिबेगर विदेशी विमानस्थल प्रयोग गरी नेपाली श्रमिक विदेश पठाएको आरोपमा वैदेशिक रोजगार विभागले १ सय ६३ वटा म्यानपावर कम्पनीलाई कारबाही गरेपछि व्यवसायीहरू आन्दोलित बनेका छन्। विभागले कानुन कार्यान्वयन गरिएको दाबी गरे पनि नेपालबाट उडान गर्दा हवाई भाडा भारतको तुलनामा दोब्बर-तेब्बर महँगो पर्ने भएकाले श्रमिककै हितका लागि भारतीय विमानस्थल प्रयोग गर्नुपरेको तर्क व्यवसायीको छ।

विभागले गत साउन १९ गते सूचना जारी गर्दै ३९ वटा म्यानपावरलाई विदेशी विमानस्थल प्रयोग गरेर श्रमिक पठाएको र १ सय २४ वटालाई मागेको विवरण उपलब्ध नगराएको कसुरमा जनही ५० हजार रुपैयाँ जरिबाना तोकेको हो।

यसअघि असार २६ गते नै कारबाहीको चेतावनी दिइएपछि आन्दोलित व्यवसायीहरूले साउन ८ गते श्रममन्त्रीलाई पत्र बुझाउँदै आफ्ना माग पूरा गर्न १५ दिने अल्टिमेटम दिएका थिए। १५ दिनभित्र माग सम्बोधन नभए वैदेशिक रोजगारीमा कामदार पठाउने प्रक्रिया ठप्प पार्ने चेतावनी उनीहरूले दिएका छन्।

वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीका अनुसार सरकारको यो धरपकड र कारबाहीले श्रमिकलाई नै नोक्सान पुग्नेछ। 'यूएई वा कतार जाने कामदारले भारतको विमानस्थल प्रयोग गर्दा २० देखि ३० हजार रुपैयाँमात्र तिर्नुपर्छ, तर नेपालबाट जाँदा ८० हजार रुपैयाँसम्म लाग्छ। एक-डेढ लाख खर्च गरेर ४०-५० हजार कमाउन जाने गरिब श्रमिकलाई ८० हजारको टिकट काट्न बाध्य पार्न मिल्दैन,' खत्रीले भने, 'कामदारकै सहजता र सहुलियतका लागि व्यवसायीहरूले विदेशी विमानस्थल प्रयोग गरेका हुन्।'

अध्यक्ष खत्रीले २३ वर्ष पुरानो वैदेशिक रोजगार ऐन संशोधन गरी समय सान्दर्भिक बनाउनुपर्ने मागसमेत गरे। उनका अनुसार करिब तीन वर्षअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको ट्याक्सी-वे निर्माणका क्रममा उडान कटौती हुँदा टिकट पाउन मुस्किल र महँगो भएपछि तत्कालीन श्रम, परराष्ट्र र पर्यटन मन्त्रालय, वैदेशिक रोजगार व्यवसायी तथा भारतीय दूतावासको समन्वयमा भारतीय विमानस्थल प्रयोगको सहमति भएको थियो। 'यो निर्णय खारेज गर्ने अर्को कुनै निर्णय नभएकाले अहिले कारबाही गर्नु प्राकृतिक न्यायको सिद्धान्तविपरीत छ,' उनले थपे।

वैदेशिक रोजगार विभागकी महानिर्देशक मीरा आचार्यले वैदेशिक रोजगार ऐन, २०६४ को दफा २२ अनुसार संस्थागत रूपमा कामदार पठाउँदा स्वदेशी विमानस्थल नै प्रयोग गर्नुपर्ने स्पष्ट पारिन्। विदेशी विमानस्थल प्रयोग गर्नुपरे विभागको पूर्वस्वीकृति लिनुपर्ने कानुनी व्यवस्था उल्लंघन भएकाले ऐनको दफा ५४ बमोजिम कारबाही गरिएको विभागको भनाइ छ।

विभागले २०८२ चैत १ देखि २०८३ जेठ ३१ गतेसम्म श्रम स्वीकृति लिई पठाइएका श्रमिकको उडान विवरण अध्ययन गर्दा अनुमति नलिई भारतबाट उडाएको पाइएको जनाएको छ।

युवा, खेलकुद तथा रोजगार मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले विभागले कानुनी प्रावधानअनुसार नै कारबाही गरेको बताए। 'सस्तो भन्दैमा कानुन उल्लंघन गर्न मिल्दैन,' प्रवक्ता घिमिरेले भने, 'नेपालको अध्यागमन र विमानस्थल प्रयोग गर्दा नेपालीहरू ठगिने वा दु:ख पाउने सम्भावना हुँदैन। कामदारको सुरक्षा र विश्वसनियताका लागि पनि नेपालकै विमानस्थल सुरक्षित छ।'

# लुकाइछिपाइ ग्यास बिक्री गरे कडा कारबाही

**काठमाडौं** (अन्नपूर्ण) : जिल्ला प्रशासन कार्यालय काठमाडौंले पहुँच, चिनजान वा लुकाइछिपाइका आधारमा खाना पकाउने ग्यास बिक्री-वितरण गर्ने व्यवसायीलाई कडा कारबाही गर्ने चेतावनी दिएको छ। प्रशासनले यस्तो गतिविधिमाथि निगरानी गर्न सादा पोसाकमा सुरक्षाकर्मीसमेत परिचालन गरिएको जनाएको छ। काठमाडौंजिल्ला प्रशासनले बुधबार जारी गरेको विज्ञप्तिमा विभिन्न ब्रान्डका एलपी ग्यास बिक्री गर्ने डिपो, पसल तथा कम्पनीले ग्यास लुकाइछिपाइ आफू निकट व्यक्ति, होटल, व्यवसायी वा सीमित ग्राहकलाई मात्र बिक्री-वितरण गरिरहेको भन्ने गुनासो प्राप्त भएको उल्लेख गरेको छ। प्रशासनका अनुसार यस्तो कार्य प्रचलित कानुनविपरीत भएकाले सम्बन्धित डिपो, पसल, फर्म तथा कम्पनीमाथि नियमित अनुगमन भइरहेको छ। अनुगमनलाई प्रभावकारी बनाउन सूक्ष्म निगरानीका लागि सादा पोशाकमा सुरक्षाकर्मीसमेत परिचालन गरिएको सहायक प्रजिअ तथा सूचना अधिकारी मुक्तिराम रिजालले जानकारी दिए।


NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरवारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८३/०४/२१)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुत्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरिने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्वद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८३/०४/२७

तपसिल

**बोलपत्र खोलिने मिति**
२०८३/०४/२८ दिउँसो ३ बजे

| क्र. सं. | ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/ व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १. | **ऋणीहरु : क) यसोदा बुढाथोकी/जयराम बुढाथोकी (धितो कर्जा)**<br>ठेगाना : का.म.न.पा. १४, काठमाडौं<br>**१. यसोदा बुढाथोकी** (ना.प्र.नं. ६७९१६, मिति २०५३/०९/१५ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको), पति : छत्र बहादुर बुढाथोकी, ससुरा : नेत्र बहादुर बुढाथोकी<br>**२. जयराम बुढाथोकी** (ना.प्र.नं. ९५८२५, मिति २०५७/१०/०८ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको), बाबु : छत्र बहादुर बुढाथोकी, बाजे : नेत्र बहादुर बुढाथोकी<br>**ख) होटल डेस्टिनेशन एण्ड रेष्टुरेण्ट प्रा.लि. (आवधिक कर्जा),** दर्ता नं. १३५१३८/७१/०७२, ठेगाना : ललितपुर म.न.पा. ९, ललितपुर, **ऋण प्रवाह गर्ने शाखा : इमाडोल**<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सारदा बुढाथोकी-जमानीकर्ता** (ना.प्र.नं. ११३५३८, मिति २०५९/०८/२२ मा जि.प्र.का. काभ्रेबाट जारी भएको) पति : जयराम बुढाथोकी, ससुरा : छत्र बहादुर बुढाथोकी<br>**२. सञ्जय बुढाथोकी-जमानीकर्ता** (ना.प्र.नं. ३०-०१-७६-०३७१२, मिति २०७६/०३/२७ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको)<br>बाबु : जयराम बुढाथोकी, बाजे : छत्र बहादुर बुढाथोकी<br>**३. गोविन्द बुढाथोकी-जमानीकर्ता** (ना.प्र.नं. ३०१०४३/१६३५४३, मिति २०६४/०६/०३ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको)<br>बाबु : छत्र बहादुर बुढाथोकी, बाजे : नेत्र बहादुर बुढाथोकी<br>**४. यसोदा बुढाथोकी-जमानीकर्ता (ऐ.ऐ.)**<br>**५. जयराम बुढाथोकी-शेयरधनी/जमानीकर्ता (ऐ.ऐ.)** | यसोदा बुढाथोकीको नाममा काभ्रेपलाञ्चोक जिल्ला मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, सुब्बागाउँ गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. १०५० (०-५-१-० रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोक/सम्बन्धित मालपोत नजिकको शाखा |
| २. | **ऋणी : सिटि गोल्ड प्लाइउड इन्डष्ट्रि प्रा.लि. (विविध कर्जा),** दर्ता नं. १४१७७२/०७२/०७३, ठेगाना : विराटनगर उ.म.न.पा. १२, मोरङ्ग, **ऋण प्रवाह गर्ने शाखा : विराटनगर**<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सुरेश कुमार साह-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ४३०/०२५-२६ मिति २०२५/०१/२५ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको)<br>बाबु : मनबोद प्रसाद साह, बाजे : रघुनाथ प्रसाद साह<br>**२. रागिनी साह-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. १/२२३८, मिति २०४५/०१/०५ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको)<br>पति :सुरेश कुमार साह, ससुरा : मनबोद प्रसाद साह<br>**३. अमित कुमार साह-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ३०५३१, मिति २०५३/११/१५ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको)<br>बाबु : सुरेश कुमार साह, बाजे : मनबोद प्रसाद साह<br>**४. सौरभ कुमार साह-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ४६९१०, मिति २०५६/१०/२० मा जि.प्र.का. मोरङ्गबाट जारी भएको)<br>बाबु : सुरेश कुमार साह, बाजे : मनबोद प्रसाद साह | १. सिटि गोल्ड प्लाइउड इन्डष्टि प्रा.लि. को नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, टंकिसिनुवारी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. १३३ (१-६-१५-० विगाहा), कि.नं. ५४९ (०-९-१५-० विगाहा), कि.नं. ९५९ (०-१-१४-१ विगाहा), कि.नं. ९६० (०-१-१४-२ विगाहा), कि.नं. ९६१ (०-१-१४-२ विगाहा), कि.नं. ९६२ (०-१-१४-२ विगाहा), कि.नं. ९६३ (०-२-३-२ विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. रागिनी साहको नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, विराटनगर न.पा./उ.म.न.पा. वडा नं. १३ स्थित कि.नं. ४१ (०-१-१९-३ विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. सौरभ कुमार साह, अमित कुमार साह र मनिस कुमार साहको नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, विराटनगर न.पा./उ.म.न.पा. वडा नं. १४ (ख) स्थित कि.नं. १३६ (०-०-१९-३ विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>४. सुरेश कुमार साहको नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, विराटनगर न.पा./उ.म.न.पा. वडा नं. १४ स्थित कि.नं. २३४ (०-१-२-१ विगाहा) र कि.नं. १३५ (०-०-१-१ विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय विराटनगर, मोरङ्ग/सम्बन्धित मालपोत नजिकको शाखा |
| ३. | **ऋणी : यादव फार्मेशी (विविध कर्जा),** प्रा.फ.र.नं. ३२३७१/०७६/७७<br>ठेगाना : विराटनगर ७, मोरङ, **ऋण प्रवाह गर्ने शाखा : विराटनगर**<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. नवल यादव-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ०५२००६/१०६४, मिति २०६६/१०/०४ मा जि.प्र.का. मोरङ, उर्लाबारीबाट जारी भएको)<br>बाबु : सुरेश यादव, बाजे : कुशेश्वर यादव<br>**२. प्रिती सिंह-जमानीकर्ता** (ना.प्र.नं. ७५३७३, मिति २०६०/०३/०९ मा जि.प्र.का. मोरङबाट जारी भएको), पति : नवल यादव, ससुरा : सुरेश यादव | १. प्रिती सिंहको नाममा मोरङ जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ६ स्थित कि.नं. ४९८८ (०-०-७-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. नवल यादवको नाममा मोरङ जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, भौडाहा गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. २७० (४३००.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय विराटनगर, मोरङ/सम्बन्धित मालपोत नजिकको शाखा |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरी/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

**नोट :**
क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं वा बैंकको सम्बन्धित शाखाबाट दस्तुर रु. १०००/- तिरी लिन सकिनेछ ।
ख) बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । सो सूचना प्राप्त भए पश्चात स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम (धरौटी वापत जम्मा गरेको रकम घटाई बाँकी) तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम मध्ये धरौटी राखेको रकम घटाई बाँकी रकम दाखिला नगरेमा/गर्न नसकेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
ग) उल्लेखित सम्पत्तिहरुमध्ये अचल सम्पत्तिको हकमा सम्बन्धित निकायमा हालसम्मको तिर्न बाँकी अचल सम्पत्ति (घर-जग्गा) कर, राजस्व, मालपोत, अचल सम्पत्ति नामसारी वापत तिर्नुपर्ने रजिष्ट्रेशन दस्तुर तथा पूँजीगत लाभकर लगायतका सम्पूर्ण राजस्व, कर एवं खर्च तथा सवारी साधनको हकमा सम्बन्धित निकायमा हालसम्म तिर्न बाँकी सवारी साधन कर, प्रदुषण कर, राजस्व, सवारी साधन नामसारी वापत तिर्नु पर्ने नामसारी दस्तुर लगायतका सम्पूर्ण राजस्व एवं सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण खर्च/दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।
घ) कुनै अड्डा, अदालत वा संवैधानिक निकायबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम फिर्ता दिईनेछ, तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
ङ) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि: शर्त लागु हुनेछ ।

# मधेसमा ट्रान्सफर्मर चोरी भयावह





चोरहरूले ट्रान्सफर्मरबाट तामाको क्वाइल निकालेर कवाडमा बेच्ने गरेका छन्। ट्रान्सफर्मर चोरी हुँदा खोजिदिन भन्दै हामीले प्रहरीमा उजुरी गरेका छौं। चोरले तामाको क्वाइल निकालेर कवाडमा बेच्ने गरेको केही तथ्यहरू फेला परे पनि यथेष्ट प्रमाणको अभावमा उनीहरू कानुनी दायराभन्दा टाढा छन्।

**ई. शम्भु कुसियैत यादव**
प्रमुख, नेपाल विद्युत् प्राधिकरण, मधेस प्रदेश



२ वर्षभित्रै नेपाल विद्युत् प्राधिकरण गौशाला वितरण केन्द्र महोत्तरीअन्तर्गतको क्षेत्रबाट १७ वटा ट्रान्सफर्मर चोरी भएका छन्। ११ हजार भोल्टको विद्युत् प्रवाह भएको हाइटेन्सन तारमा अन्य तार फ्याकेर सर्ट गराएर चोरी भएको छ।

**उमेशप्रसाद यादव**
नेपाल विद्युत् प्राधिकरण, गौशाला वितरण केन्द्र, महोत्तरी

**गोविन्द महतो** | *जनकपुरधाम*

महोत्तरीको बर्दिबास नगरपालिका-१२ बिजलपुरास्थित पञ्चधुरा खानेपानीको ट्रान्सफर्मर चोरी भएको छ। साउन १९ गते रात्रिकालीन समयमा ट्रान्सफर्मरभित्रको तामा निकालेर फालिएको अवस्थामा फेला परेको हो। विद्युत् आपूर्ति अवरुद्ध भएपछि पञ्चधुरा खानेपानीको वितरण रोकिन गई २ सय घरमा खानेपानीको हाहाकार भएको एक स्थानीयले जानकारी दिए।

धनुषाको मिथिला नगरपालिका-२ नक्टाझिजस्थित नेपाल विद्युत् प्राधिकरणले जडान गरेको ट्रान्सफर्मर गत सोमबार राति चोरी भयो। ढल्केबर-जनकपुरधाम सडक खण्डको मुख्य सडकस्थित हजरा चोकमा रहेको जनता माध्यमिक विद्यालयका लागि जडान गरिएको ट्रान्सफर्मर चोरी हुँदा गर्मीयाममा स्थानीयसँगै स्कुलका बालबालिकालाई दैनिक जीवनयापन गर्न असहज भएको स्थानीय विनोदकुमार महतो कुशवाहाको भनाइ छ।

धनुषाकै मिथिला नगरपालिका-२ नक्टाझिजस्थित खानेपानी आयोजनाको विद्युतीय ट्रान्सफर्मर गत महिना पनि चोरी भएको थियो। खानेपानी उपभोक्ता समितिका अध्यक्ष सूर्यनारायण महतोले खानेपानी आयोजनामा जडान गरिएको ५० केभीको ट्रान्सफर्मर चोरी हुँदा ७ सय घरपरिवारको धारामा पानी आपूर्ति बन्द भएको बताए। घटनाबारे जानकारी दिँदै उनले पोलमा जडान गरिएको ट्रान्सफर्मर भुइँमा झारेर त्यसभित्र रहेका तामाका तार र तेल चोरी गरेर लगेको र ट्रान्सफर्मरको बाँकी भाग भने सोही ठाउँमा छोडिएको अवस्थामा फेला परेको जनाए।

कतिपय अवस्थामा ११ हजार भोल्ट विद्युत् प्रवाह भइरहेको अवस्थामा चोरले लाइन सर्ट गराएर ट्रान्सफर्मर खोली त्यसमा भएको कपरको क्वाइल चोरेर लाने गरेको नेपाल विद्युत् प्राधिकरण गौशाला वितरण केन्द्रका प्रमुख इन्जिनियर उमेशप्रसाद यादवले बताए।

११ हजार भोल्टको विद्युत् प्रवाह भएको हाइटेन्सन तारमा अन्य तार फ्याकेर सर्ट गराउने र विद्युत् लाइन अवरुद्ध भएको अवस्थामा चोरले ट्रान्सफर्मर खोल्ने गरेको इन्जिनियर यादवको भनाइ छ।

'चोरले ट्रान्सफर्मरमा रहेको कपरको क्वाइल मात्र झिकेर लाने गरेको छ,' यादवले भने, 'ट्रान्सफर्मरको बाँकी सबै चिज त्यहीँ तल फालेर भागेको पाइयो। अझ कतिपय अवस्थामा त प्यानल नै काटेर तल झार्ने र सबैभन्दा महत्त्वपूर्ण मानिने कपर क्वाइल तार चोरी गरेर लाने समस्या छ।'

गौशाला वितरण केन्द्र महोत्तरीका प्रमुख इन्जिनियर यादवका अनुसार खुला स्थान तथा चौरमा जडान भएको ११ हजार भोल्टको लाइभ लाइनलाई समेत सर्ट गराएर एमसीबी झरेको अवस्थामा ट्रान्सफर्मर चोरी गर्ने गरिएको छ। आफ्नो ज्यानकै पर्वाह नगरी जोखिममा राखेर त्यसरी चोरी गर्नेहरू रहेको उनले दाबी गरे। उनले भने, 'म मलंगवा वितरण केन्द्रमा हुँदा चोरी गर्ने गिरोहमध्येका १० जना पक्राउ परेका थिए। जसमा वीरगन्ज, बर्दिबास र केही भारतका व्यक्तिहरूको समेत संलग्नता रहेको थियो।'

प्रमुख यादवका अनुसार २ वर्षभित्रै नेपाल विद्युत् प्राधिकरण गौशाला वितरण केन्द्र महोत्तरीअन्तर्गतको क्षेत्रबाट मात्र १७ वटा ट्रान्सफर्मर चोरी भएका छन्। उनका अनुसार प्रतिकिलो ४ हजार रूपैयाँसम्ममा बिक्री हुने कपर क्वाइलका लागि मुख्यतया ट्रान्सफर्मर चोरी हुने गरेको छ।

आवश्यकताअनुसार २ लाखदेखि २५ लाख रूपैयाँसम्म मूल्य पर्ने ट्रान्सफर्मर प्राधिकरणले जडान गर्ने गरेको छ। चोरहरूले ट्रान्सफर्मरबाट तामाको क्वाइल निकालेर कवाडमा बेच्ने गरेको नेपाल विद्युत् प्राधिकरण मधेस प्रदेशका प्रमुख इन्जिनियर शम्भु कुसियैत यादवले बताए। 'ट्रान्सफर्मर चोरी हुँदा खोजिदिन भन्दै वितरण केन्द्रले प्रहरीमा उजुरी गर्ने गरेको भए पनि हालसम्म एकाधबाहेक अपराधमा संलग्नसम्म प्रहरी पुग्न सकेको छैन।' चोरहरूले ट्रान्सफर्मरबाट तामाको क्वाइल निकालेर कवाडमा बेच्ने गरेको केही तथ्यहरू फेला परे पनि यथेष्ट प्रमाणको अभावमा उनीहरू कानुनी दायराभन्दा टाढा रहेको उनले खुलाए।

'उनीहरूले विद्युत् लाइन सर्ट गराएर ट्रान्सफर्मर तल झारेर क्वाइल चोरी गर्ने गरेको पाइएको छ,' नेपाल विद्युत् प्राधिकरण मधेस प्रदेशका प्रशासकीय प्रमुख कालीचरणप्रसाद यादवले (केसी) भने, 'ट्रान्सफर्मरबाट कपरको क्वाइल मात्र चोरी हुने गरेको छ। तर क्वाइल मात्र झिक्दा बाँकी ट्रान्सफर्मर पनि काम नलाग्ने गरी क्षतिग्रस्त हुन्छ।' चोरी भएपछि जिल्ला प्रहरी कार्यालय र प्रदेश प्रहरीमा जानकारी दिएको उनले बताए। 'अहिले केही चोरहरू क्वाइलसहित पक्राउ परेका तथा अनुसन्धान जारी नै रहेको भनेर हामीलाई खबर गरिएको छ,' केसी यादवले भने।

जडान गरिएका १५ केभिएदेखि २०० केभिएसम्मका ट्रान्सफर्मर चोरी हुने गरेको विद्युत् प्राधिकरण मधेस प्रदेशको तथ्यांक छ। २५ केभिए ट्रान्सफर्मरको बजार मूल्य भ्याटबाहेक ४ लाख ४० हजार रुपैयाँ हुने गर्छ। त्यसबाहेक अन्य सरकारी निकायले जडान गरेका ट्रान्सफर्मर पनि चोरी भइरहेको केसी यादवले बताए। निजी क्षेत्रले खरिद गरेका ट्रान्सफर्मर पनि चोरी हुने गरेको पाइएको छ। अझ कतिपय क्षेत्रमा निजी र समुदाय स्तरमा खानेपानी तथा सिँचाइका लागि खरिद गरिएका ट्रान्सफर्मर चोरीको उजुरी नहुँदा कतिपय घटना बाहिर आउनै सकेका छैनन्।

मधेस प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआईजी) ओमप्रसाद अधिकारीले अन्य सामग्री चोरेजस्तै ट्रान्सफर्मर चोरी सबैले गर्न नसक्ने भएकाले यसमा प्राविधिक (स्किलफुल) मानिसको संलग्नता हुने बताए। उनले चोरीमा संलग्न हुने व्यक्ति प्राविधिक रूपमा विद्युत्का दक्ष जनशक्ति नै हुने गरेको जनाए। उनले भने, 'ट्रान्सफर्मर चोरीमा पक्राउ परेकाहरूको प्रारम्भिक अनुसन्धान गर्दा एउटै नेक्ससमा जोडिएका व्यक्तिहरूबाट चोरी हुने गरेको देखिन्छ। चोरीको घटना मुख्यतया एकान्तमा जडान गरिएका ट्रान्सफर्मरमा हुन्छ, जहाँ रात्रिकालीन समयमा आम समुदायको पहुँच हुँदैन। त्यसैले लाइन कट्नेबित्तिकै प्रहरीसँगै प्राधिकरणले पनि यसमा चासो देखाउनुपर्‍यो।'

डीआईजी अधिकारीले पूर्वयोजना र पूर्वतयारीका साथ ट्रान्सफर्मर चोरी हुने गरेको बताउँदै भने, 'पक्राउ परेकाहरूको अनुसन्धान गर्दा प्रहरीलाई दिने बयानको समेत पूर्वतयारी गरेर चोरीमा संलग्न हुने गरेको पाइन्छ। जसलाई रोक्न प्रहरीसँगै विद्युत् प्राधिकरण र आम नागरिकको सचेतना उत्तिकै आवश्यक छ।'

### कृषि ट्रान्सफर्मर बढी चोरी

कृषि प्रयोजनका लागि डिप बोरिङ सञ्चालन गर्न गाउँगाउँमा जडान गरिएका ट्रान्सफर्मर चोरी हुने क्रम बढेको छ। पर्याप्त पानीको अभावमा मधेसका किसानहरूले सिँचाइ सुविधा प्राप्त गर्न खेतमा जडित बोरिङबाट पानी तान्न लगाइएका ट्रान्सफर्मर बढी मात्रामा चोरी हुने गरेको पाइएको छ।

महोत्तरीको जलेश्वर विद्युत् प्राधिकरण वितरण केन्द्रको एरियामा सबैभन्दा बढी विद्युत् चोरी हुने गरेको छ। कृषि सिँचाइका लागि विद्युतीकरण गरिएका ट्रान्सफर्मर चोरी हुने गरेको धनुषाका नेपाली कम्युनिस्ट पार्टीका नेता सरोज यादवको भनाइ छ। उनका अनुसार गत सातामात्र धनुषाको मिथिला बिहारी नगरपालिकामा सिँचाइका लागि जडित ५० केभिएको ट्रान्सफर्मर चोरी भएको थियो। सिँचाइका लागि डिप बोरिङ सञ्चालन गर्न कृषि यान्त्रिकीकरण आयोजना नक्टाझिजले जडान गरिदिएको ट्रान्सफर्मर चोरी भएको हो। यस गाउँमा दुई वर्षभित्र दुईवटा ट्रान्सफर्मर चोरी भइसकेका छन्।

धनुषा, महोत्तरी, सिरहालगायतका जिल्लामा एक महिनाभित्र ८ वटाभन्दा बढी ट्रान्सफर्मर चोरीका घटना सार्वजनिक भएका छन्। सिँचाइ सुविधा नभएको क्षेत्रमा किसानहरूका लागि डिपबोरिङ वरदान साबित भएको बेलामा ट्रान्सफर्मर चोरी भएपछि सिँचाइको अभावमा रोपेको धान सुक्न थालेको छ। ट्रान्सफर्मर चोरीका कारण सिँचाइ सुविधाबाट वञ्चित भएका किसानहरू पीडामा छन् भने डिपबोरिङ बन्द भएपछि धान खेतमा धाँजा फाट्न थालेको छ। नहर, कुलोलगायतका सिँचाइ सुविधाबाट वञ्चित किसानहरूका लागि संघ र प्रदेश सरकारले भूमिगत जलस्रोत सिँचाइअन्तर्गत डिप बोरिङ जडान गरेर खेत-खेतमा सिँचाइ सुविधा दिने गरेको छ। तर ट्रान्सफर्मर चोरी हुँदा किसानको बिजोग भएको गौशाला नगरपालिका-१ रामनगरका किसान हरिचन्द्र महतोको भनाइ छ।

उनका अनुसार ५ लाख बराबरको ५० केभीको एउटा ट्रान्सफर्मर जडान गरेर लगभग ५० लाखको लागतमा डिप बोरिङ सञ्चालन हुने गर्दछ। तर, लाख-दुई लाखको लोभमा ट्रान्सफर्मरभित्र रहेको तामाको तार चोरेर डिपबोरिङलाई चोरले बेकाम बनाइदिने गरेको उनको भनाइ छ।

मधेस प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/०८३ मा ट्रान्सफर्मर चोरीका ५७ वटा घटना भएकोमा २२ वटा मात्र मुद्दा दर्ता भएका छन्। जसमा एक जना व्यापारीसहित १९ जना पक्राउ परेका छन्।

महोत्तरीमा सबैभन्दा बढी २८ वटा ट्रान्सफर्मर चोरीका घटना भए पनि एक जना पनि पक्राउ परेका छैनन्। गाउँबाहिर सुनसान स्थानमा जडान गरिएका ट्रान्सफर्मर संगठित रूपमै चोरी हुने गरेको घटनाले सुरक्षा चुनौती बढाएको छ।

एउटै गिरोहमा संलग्न व्यक्तिहरूले भारतीय नम्बर प्लेटको गाडीसमेत प्रयोग गर्ने गरेको स्थानीयको भनाइ छ। रातिको समयमा सुनियोजित रूपमा हुने गरेको ट्रान्सफर्मर चोरीको घटनाले सुरक्षा चुनौती बढाएको किसान हरिचन्द्र महतो बताउँछन्।

| क्र.सं. | आव | १५ केभीए | २५ केभीए | ५० केभीए | १०० केभीए | १५० केभीए | २०० केभीए |
|---|---|---|---|---|---|---|---|
| १. | २०७८/०७९ | ० | ० | २४ | २ | ० | ० |
| २. | २०७९/०८० | ० | ० | ५ | ३ | ० | ० |
| ३. | २०८०/०८१ | ० | ० | ७ | ५ | ० | ० |
| ४. | २०८१/०८२ | ० | ३ | ६ | १० | १ | |
| ५. | २०८२/०८३ | १ | ७ | १८ | २९ | १ | १ |
| | | १ | ७ | ६० | २९ | १ | १ |

स्रोत : नेपाल विद्युत् प्राधिकरण, मधेस प्रदेश कार्यालय

## अन्तर्राष्ट्रिय...

समितिकी सभापति समीक्षा बास्कोटाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र समाज कल्याण परिषद्बाट स्वीकृत परियोजनाको कार्यान्वयनलाई थप व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन आवश्यक रहेको बताएकी छन्।

'राष्ट्रिय सार्वभौमिकता र संसद्को क्षेत्राधिकारमाथि हस्तक्षेप हुने गरी आउने अभिव्यक्तिप्रति समिति गम्भीर छ,' बास्कोटाले भनिन्, 'आवश्यक स्पष्टीकरण सरकारले लिनुपर्छ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद यज्ञमणि न्यौपानेले पनि तीनवटै संस्थाको कार्यशैलीप्रति असन्तुष्टि जनाएका छन्। 'नेपालको सार्वभौम संसद्ले बोलाउँदा कि त उपस्थित हुनुपर्थ्यो, कि लिखित रूपमा आफ्नो धारणा पठाउनुपर्थ्यो। अधिकार प्रयोग गर्नेले जवाफदेहिता पनि देखाउनुपर्छ,' उनले भने। उनले राष्ट्रियता र सार्वभौमिकताको विषयमा सबै राजनीतिक दल एक ठाउँमा उभिनुपर्ने बताए।

समितिले सरकारमार्फत स्पष्टीकरण माग्ने निर्णय गरे पनि विपक्षी सांसदहरूले यसलाई संसदीय अभ्यास र संवैधानिक मर्यादाविपरीत भएको बताएका छन्। छलफल अगाडि बढाउने विषयमा नै समिति र प्रतिपक्षका सांसदबीच विवाद भएको थियो।

समितिको निर्णयप्रति प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसकी सांसद गीता गुरुङले कडा असहमति जनाएकी छन्। उनले संसदीय समितिले आफ्नो संवैधानिक सीमाभन्दा बाहिर गएर काम गर्न खोजेको आरोप लगाएकी छन्। उनले भनिन्, 'समितिले बोलाउँदा उनीहरू किन आउँछन्? आज उनीहरू नआउँदा समितिलाई नै लज्जित बनाएको छ। यसले भोलिका दिनमा गलत नजिर बसाल्छ। संसदीय समितिको मूल काम सरकारमाथि निगरानी राख्नु हो।' गुरुङले अन्तर्राष्ट्रिय संघ-संस्थाले टिप्पणी गरे सरकारको आधिकारिक धारणा माग्न सकिने बताइन्। उनले थपिन्, 'संसद्ले अन्तर्राष्ट्रिय संस्थासँग स्पष्टीकरण माग्ने होइन।'

सांसद गुरुङले कुनै व्यक्तिको निवेदनका आधारमा हतारमा एजेन्डा तय गर्ने प्रवृत्तिको पनि आलोचना गर्दै समितिको एजेन्डा सामूहिक निर्णयबाट तय हुनुपर्नेमा जोड दिएकी छन्। गुरुङ र समिति सभापति बास्कोटाबीच सवाल-जवाफ नै भएको थियो। बास्कोटाको कार्यशैलीमाथि नै उनले प्रश्न गर्दै भनेकी छन्, 'कालो कोट खोलेर मैदानमा आउन ओपन च्यालेन्ज गरेको हामीले देखेका छौं। समितिलाई सतही निवेदन र आवेदनबाट टाढा राखौं र मिडिया हाउसमा शंकास्पद गाडी पार्क गरिएको विषयमा सभापति सरकारको प्रवक्ताका रूपमा प्रस्तुत हुनुभयो, यसले समितिको निष्पक्षतामा गम्भीर असर पार्छ।' बास्कोटाले संसद्बाट न्यायाधीश मल्ललाई कालोकोट खोलेर राजनीतिमा आउन चुनौती दिएकी थिइन्। बास्कोटाले समितिको हलमा पसेपछि आफू तटस्थ हुने पनि दाबी गरेकी थिइन्। एमाले सांसद साजिदा खातुन सिद्दिकीले सरकारले न्यायपालिकालाई बन्दी बनाएको आरोप लगाइन्। उनले भनिन्, 'नेपालको संविधानले न्यायपालिकालाई स्वतन्त्र, निष्पक्ष र सक्षम संस्थाका रूपमा व्यवस्था गरेको छ। तर, वर्तमान अवस्थामा न्यायपालिकालाई कार्यपालिकाले बन्दी बनाउन खोजेको आभास भएको छ, यसलाई रोक्न जरुरी छ।'

### 'बाह्य संस्थालाई राजनीतिक टिप्पणी गर्ने अधिकार छैन'

सरकारले भने बाह्य संस्थालाई राजनीतिक टिप्पणी गर्ने अधिकार नभएको बताएको छ। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले तीन संस्थाले नेपालको आन्तरिक विषयमा 'कपोलकल्पित' आरोप लगाएको दाबी गरेकी छन्। उनले भनिन्, 'देशको सार्वभौमिकता कुनै पनि परिस्थितिमा सम्झौताको वा बाह्य टिप्पणीको विषय बन्न सक्दैन।' सरकारका कुनै पनि प्रतिनिधिले कुनै न्यायाधीशमाथि राजनीतिक दबाब नदिएको कानुनमन्त्री गौतमको जिकिर छ। उनले भनिन्, 'नेपालमा काम गर्ने जुनसुकै अन्तर्राष्ट्रिय संस्थाले यहाँको कानुन, समाज र जनभावनाको सम्मान गर्नुपर्छ।' मन्त्री गौतमले ती संस्थाको विज्ञप्तिमा 'राजनीतिक गन्ध' देखिएको टिप्पणी गरेकी छन्। उनले भनिन्, 'संसद्ले बोलाउँदा कि आउनुपर्थ्यो, कि लिखित जवाफ पठाउनुपर्थ्यो।'

संविधानविद् विपिन अधिकारीले मानवअधिकारको विषय कुनै एक देशको सीमाभित्र सीमित नहुने भएकाले अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले आवश्यक ठाने देशबाहिरका विषयमा पनि टिप्पणी गर्ने अधिकार राख्ने स्पष्ट पारेका थिए। उनले सम्बन्धित संस्थाले जारी गरेको विज्ञप्ति नेपालको समग्र मानवअधिकार अवस्थाबारेको प्रतिवेदन नभई नेपालको स्वतन्त्र न्यायपालिकाप्रतिको मूल्यांकन भएको बताए। उनले भने, 'उनीहरूले नेपालको न्यायपालिकामाथि गम्भीर खतरा देखिएको उल्लेख गरेका छन्। सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीशलाई प्रधानन्यायाधीश नियुक्त नगरेर संवैधानिक परम्पराबाट विचलन भएको र महाअभियोगका आधार पर्याप्त नदेखिएको उनीहरूको निष्कर्ष छ।' अधिकारीले सरकारले तीनवटै संस्थासँग उनीहरूले उल्लेख गरेका आधार र प्रमाणबारे जानकारी माग्न सक्ने बताए। 'यदि कानुनमन्त्रीले ती आरोप निराधार भएको भन्नुभएको छ भने सम्बन्धित संस्थासँग विश्वसनीय प्रमाण प्रस्तुत गर्नुस् भन्नु कूटनीतिक र लोकतान्त्रिक दुवै दृष्टिले स्वाभाविक हुन्छ,' उनले भने।

अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले आफ्ना गोप्य स्रोत र संवेदनशील जानकारी सार्वजनिक नगर्ने अभ्यास रहेको उनले स्पष्ट पारे। 'मानवअधिकार अनुसन्धानमा गोप्य स्रोतको संरक्षण अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएको अभ्यास हो। व्यक्तिगत सुरक्षा वा क्षतिको जोखिम भए उनीहरूले स्रोत खुलाउँदैनन्,' उनले भने।

अधिकारीका अनुसार यस्ता संस्थाले विभिन्न स्रोतबाट तथ्य पुष्टि नगरी सार्वजनिक धारणा बनाउने वा विज्ञप्ति जारी गर्ने अभ्यास गर्दैनन्। 'विशेषगरी एम्नेस्टी इन्टरनेसनलजस्ता संस्था कुनै सरकारको बजेटबाट सञ्चालित छैनन्। ती सामान्य नागरिकको सहयोगबाट चल्ने भएकाले स्वतन्त्र रूपमा अनुसन्धान र मूल्यांकन गर्छन्,' उनले भने।

# कर्णाली प्रदेश सरकारमा भागबन्डा नमिल्दा मन्त्री नियुक्ति अन्योल

**विस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

कर्णाली प्रदेश सरकार गठन प्रक्रियामा नेकपा र एमालेबीच भागबन्डा नमिल्दा मन्त्री नियुक्ति अन्योल बनेको छ। केन्द्रको सहमतिअनुसार नेकपा संसदीय दलका नेता मंगलबहादुर शाही मुख्यमन्त्री त बने। तर मन्त्री नियुक्ति प्रक्रिया भने अन्यौलमा छ।

नेकपा एमालेले चार मन्त्रालयको दाबी गर्दा नेकपाले दुवै दलले तीन-तीनवटा मन्त्रालय लिनुपर्ने अडानमै छ। प्रदेशमा राजनीतिक सहमतिभन्दा बढी भागबन्डाको अंकगणितमा अल्झिएको छ। मुख्यमन्त्रीमा नियुक्त भएका नेकपाका मंगलबहादुर शाहीले शपथ ग्रहण गरेको एक साता नाघ्न लाग्दा पनि मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन। सत्ता साझेदार नेकपा र एमालेबीच मन्त्रालयको बाँडफाँटमा सहमति नजुट्दा मन्त्री नियुक्ति अनिश्चित बनेको हो।

सरकार गठनमा देखिएको ढिलाइले प्रशासनिक कामकाज, विकास आयोजना र नीतिगत निर्णय प्रभावित हुन थालेका छन्। मन्त्रालयहरू नेतृत्वविहीन हुँदा नियमित निर्णय प्रक्रियासमेत प्रभावित बनेको छ। एमाले स्रोतले भन्यो, सरकार गठनका विषयमा मुख्यमन्त्रीज्यूले एमालेसँग संवाद नै गर्नुहुँदैन। प्रदेशसभा बैठकमा भेट हुन्छ। तर मन्त्री नियुक्तिका विषयमा दुई दलका मुख्य नेताहरूको बैठक नै बस्दैन्। मुख्यमन्त्रीज्यूले नै खासै चासो देखाउनु हुँदैन्। उहाँ खादा माला लगाउनै व्यस्त हुनुहुन्छ। सरकार गठनका विषयमा एमालेभन्दा बढी चिन्ता र चासो सरकारको नेतृत्व गरेको दल नेकपालाई हुनुपर्ने हो।

सरकार गठनको मुख्य गाँठो मन्त्रालयको संख्या र महत्त्वपूर्ण मन्त्रालय कसले लिने भन्ने विषय बनेको छ। दुवै दलले प्रभावशाली मन्त्रालयमा दाबी गरेपछि सहमति जुट्न सकेको छैन। मुख्यमन्त्री शाही नेतृत्वको नेकपाले मुख्यमन्त्रीसँगै केही महत्त्वपूर्ण मन्त्रालय आफूसँग राख्न चाहेको छ भने एमालेले पनि सम्मानजनक भाग खोजिरहेको छ। विगतका गठबन्धनहरूमा पनि हरेक सरकारमा नेतृत्व गरेको दलले २ मन्त्रालय र सत्ता साझेदार दलले ४ मन्त्रालय लिने गरिहेको थियो। त्यसैअनुसार मन्त्रालयको भाग लिनेमा एमालेको अडान छ।

नेकपा एमालेका संसदीय दलका प्रमुख सचेतक टेकराज पछाईले मुख्यमन्त्रीज्यूलाई पटक-पटक भन्दै आएका छौं। केन्द्रको सहमतिअनुसार हामीले मुख्यमन्त्री बनायौं। तर सरकारलाई पूर्णता दिने सवालमा मुख्यमन्त्रीज्यूले पहलकदमी लिनुभएको छैन्। सरकारको नेतृत्व गरेको दलले हामीलाई सहमतिमा लिने कि उहाँहरूले बार्गेनिङ गरिराख्नु भएको छ। विगतमा उहाँहरूसँगै हामी सरकारमा जाँदा के भएको थियो। त्यसै अनुसार अहिले गरे भइहाल्यो नि! सरकार गठनमा देखिएको सुस्तताले सत्ता गठबन्धनभित्रको सम्बन्धबारे समेत प्रश्न उठ्न थालेको छ। मुख्यमन्त्री मंगलबहादुर शाही र एमाले संसदीय दलका नेता यामलाल कँडेलबीच पछिल्ला दिनमा औपचारिक भेटघाटसमेत हुन सकेको छैन। सरकार गठनका विषयमा प्रत्यक्ष संवाद नहुँदा समन्वय कमजोर बनेको र त्यसले सहमति प्रक्रिया झन् लम्बिएको छ। नेकपाका संसदीय दलका प्रमूख सचेतक कृष्णबहादुर जिसीले दुई दलबीच सहमति भएपछि मन्त्रिपरिषद् विस्तार हुन्छ। माथिबाटै नेकपाले मुख्यमन्त्री पाएको हो। अब मन्त्रीको सहमति पनि माथिकै पहलमा होला। एक महिनाभित्र त सहमति जुट्ला नि!

सत्तारूढ दलभित्र भने चाँडै सहमति हुने दाबी गरिएको छ। मुख्यमन्त्री शाहीले मन्त्रिपरिषद् विस्तारका सन्दर्भमा छलफल भइरहेको बताए। उनले भने, हामी छलफलमै छौं। केही दिनमा सहमति हुन्छ। हामीबीच खासै विवाद छैन। तर कसले कति मन्त्रालय लिने भन्ने विषयमा छलफल अलि पेचिलो बनेको हो। चाँडै निकास निस्कन्छ। यता नेकपा एमालेका संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री यामलाल कँडेलले मुख्यमन्त्रीज्यूले नाम मागे एक मिनेटमा आफ्नो पार्टीको तर्फबाट मन्त्रीको नाम पठाउने बताए। उनले भने, एमालेमा कुनै पनि समस्या छैन्। सरकारको नेतृत्व गरेको दलले नै मन्त्रिपरिषद् विस्तारका सन्दर्भमा ढिलाई गरेको हो। हामी त विगतमा भएका सहमति र गरिएका प्रयोगहरूअनुसार नै सहमति गरेर जाँऊ भनिरहेका छौं। तर मुख्यमन्त्रीज्यूसँग प्रदेशसभामा देखादेख हुन्छ। भेटाघाट हुँदैन्।



मुख्यमन्त्री शाहीलाई बधाई दिँदै निवर्तमान मुख्यमन्त्री यामलाल कँडेल

**प्रदेश सभामा प्रतिपक्षले भन्यो : ओली–प्रचण्डज्यू, कर्णालीका मन्त्रीको कोटा मिलाएर नाम पठाइदिनुस्'**

कर्णाली प्रदेश सरकार गठनमा भइरहेको ढिलाइप्रति बुधबारको प्रदेशसभा बैठकमा प्रतिपक्षी दल नेपाली कांग्रेस र राप्रपाले कटाक्ष गरेको छ। प्रदेश सभाको बैठकमा बोल्दै कांग्रेस सांसद वेदराज सिंह र पूर्ण चालिसेले सत्ता साझेदार दलहरू मन्त्रालय भागबन्डामै अल्झिएको आरोप लगाउँदै केन्द्रका शीर्ष नेताप्रति व्यंग्य गरे। सांसद वेदराज सिंहले सरकार गठन भएको लामो समय बित्दासमेत मन्त्रिपरिषद्ले पूर्णता नपाउनु दुर्भाग्यपूर्ण भएको बताए।

उनले, यदि कर्णालीका नेताहरूले मन्त्रीको भागबण्डा मिलाउन सक्दैनन् भने एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नै केन्द्रबाट मन्त्रीको कोटा मिलाएर नाम पठाइदिनुपर्‍यो, भन्दै व्यंग्य गरे। उनले जनताले काम गर्ने सरकार खोजेको, तर सत्ता पक्ष भने मन्त्रालय बाँडफाँटको हिसाबमै व्यस्त रहेको टिप्पणी गरे।

यस्तै, कांग्रेस सांसद पूर्ण चालिसेले सरकार गठनमा भइरहेको ढिलाइले प्रदेश सरकारप्रतिको जनविश्वास कमजोर बनाएको बताए। उनले सत्ता गठबन्धनभित्र समन्वयको अभाव देखिएको भन्दै, मन्त्री चयन गर्न नसक्ने अवस्था आएपछि सरकारको नेतृत्वमाथि नै प्रश्न उठेको छ। सरकार गठनको प्राथमिकता जनताको सेवा हुनुपर्थ्यो, तर अहिले कुर्सी र मन्त्रालयको भागबण्डा नै मुख्य एजेन्डा बनेको छ, उनले भने। चालिसेले मन्त्रालय नेतृत्वविहीन हुँदा विकास निर्माण, सेवा प्रवाह र नीतिगत निर्णय प्रभावित भएको उल्लेख गर्दै तत्काल मन्त्रिपरिषद् विस्तार गर्न आग्रह गरे।

यस्तै, राप्रपाकी सांसद सन्तोषी शाहीले प्रदेश सरकारमा मन्त्रिपरिषद् विस्तार नै ढिलाई गरेर सरकार गैरजिम्मेबार भनेको आरोप लगाइन्। उनले भनिन्, जनताले सरकारलाई सत्ताको उपभोग गर्न पठाएका होईनन्। सेवा गर्न पठाएका हुन्। तर सरकारले जनताको सेवा भन्दा पद तथा शक्तिको भागबन्डा मिलाउन व्यस्त छ। जन सरोकारका विषयमा सरकार उदासीन बनेको छ।

# अर्थतन्त्र

सुनचाँदीको भाउ



छापावाल सुन : २,८८,०००
चाँदी : ४,४७५

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

| मुद्रा | एकाइ | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | १ | १५२.२५ | १५२.८५ |
| युरो | १ | १७५.४४ | १७६.१३ |
| पाउन्ड स्टर्लिङ | १ | २०४.७७ | २०५.५८ |
| भारतीय रुपैयाँ | १०० | १६० | १६०.१५ |

# अचाक्ली महँगियो दैनिक उपभोग्य वस्तु

- बजारमा अत्यावश्यक वस्तुको स्पष्ट मूल्य निर्धारण र प्रभावकारी अनुगमनको अभावले उपभोक्ता महँगो मूल्य तिर्न बाध्य
- भारतमा प्रतिकेजी ३६ रुपैयाँ पर्ने दाल नेपालमा करिब ७३ रुपैयाँमा बिक्री
- इन्धनको मूल्यवृद्धिले गर्दा ढुवानी खर्च बढ्नु, कच्चा पदार्थको अभाव र उत्पादन लागत बढ्नाले मूल्यमा वृद्धि भएको व्यापारीको भनाइ




**भवनाथ प्याकुरेल** | *काठमाडौं*

दैनिक उपभोग्य वस्तुको मूल्य निरन्तर बढ्दै जाँदा यसको प्रत्यक्ष असर न्यून तथा मध्यम आय भएका परिवारमा परेको छ। विशेषगरी दैनिक ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्ने परिवारलाई दाल, चामल, पिठो, चिनी, तेललगायत अत्यावश्यक वस्तुको मूल्यवृद्धिले दैनिक खर्च धान्नै कठिन हुन थालेको छ।

उपभोक्ता अधिकारकर्मीहरूका अनुसार मूल्यवृद्धिको प्रमुख कारण वर्तमान सरकारमात्र नभई अघिल्लो सरकारका केही नीतिगत निर्णय पनि हुन्। उपभोक्तावादी प्रेमलाल महर्जनका अनुसार चामलमा कर लगाउने निर्णय, ठूला व्यापारीको दबाबमा कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजायसम्बन्धी कानुनलाई कमजोर बनाउने प्रयास र बजार नियमन प्रभावकारी हुन नसक्दा व्यापारीले मनपरी मूल्य निर्धारण गर्ने अवस्था सिर्जना भएको छ। उनका अनुसार मूल्यवृद्धिको मुख्य जिम्मेवारी तत्कालीन सरकारका नीतिहरूमाथि पनि जान्छ।

बजारमा अत्यावश्यक वस्तुको स्पष्ट मूल्य निर्धारण र प्रभावकारी अनुगमनको अभावले पनि उपभोक्ता महँगो मूल्य तिर्न बाध्य भएका छन्। उदाहरणका रूपमा भारतमा प्रतिकेजी करिब ६० रुपैयाँमा पाइने चिनी नेपालमा करिब एक सय रुपैयाँमा बिक्री हुने गरेको छ।

त्यस्तै, भारतमा प्रतिकेजी ३६ रुपैयाँ पर्ने दाल नेपालमा करिब ७३ रुपैयाँ र ५० रुपैयाँमा पाइने आटा ७५ रुपैयाँसम्ममा बिक्री भइरहेको छ। यी वस्तुमा देखिएको मूल्य अन्तर केवल करका कारणमात्र भएको भन्ने तर्कलाई उपभोक्तावादीले भने सीमित ठूला व्यापारीबीचको मिलेमतो, कमजोर बजार अनुगमन र प्रतिस्पर्धाको अभावले मूल्य अस्वाभाविक रूपमा बढेको हो।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशक तारानाथ लुइँटेलले अत्यावश्यक उपभोग्य वस्तुका लागि स्पष्ट मापदण्ड र मूल्य निर्धारण प्रणालीको अभाव पनि मूल्यवृद्धिको एउटा प्रमुख कारण भएको बताए। उनका अनुसार बजारलाई व्यवस्थित र पारदर्शी बनाउन प्रभावकारी नियमन आवश्यक छ।

यता व्यापारीहरू भने इन्धनको मूल्यवृद्धि, ढुवानी खर्च बढ्नु, कच्चा पदार्थको अभाव र उत्पादन लागत बढ्नुलाई मूल्यवृद्धिका मुख्य कारणका रूपमा औंल्याउँछन्। उनीहरूका अनुसार बजारमा वस्तुको आपूर्ति घट्नु र माग बढ्नुले पनि मूल्यमा थप दबाब सिर्जना गरेको छ।

अर्थविद्हरूका अनुसार समग्र मुद्रास्फीति, अन्तर्राष्ट्रिय बजारमा कच्चा पदार्थ र खाद्यान्नको मूल्यवृद्धि, विनिमय दरको प्रभाव तथा कर र भन्सार नीतिमा भएका परिवर्तनले पनि दैनिक उपभोग्य वस्तुको मूल्य बढाउन योगदान पुर्‍याएका छन्। साथै, केही स्थानमा कालोबजारी, कृत्रिम अभाव सिर्जना गर्ने प्रवृत्ति र कमजोर बजार अनुगमनका कारण उपभोक्ताले आवश्यक वस्तु महँगो मूल्यमा किन्न बाध्य भएको गुनासो बढ्दै गएको छ।

उपभोक्तावादीहरूले बजार अनुगमनलाई प्रभावकारी बनाउन, कालोबजारी नियन्त्रण गर्न, अत्यावश्यक वस्तुको मूल्य निर्धारण प्रणाली लागू गर्न र उपभोक्ताको हित संरक्षण गर्ने नीतिलाई कडाइका साथ कार्यान्वयन गर्न सरकारसँग माग गरेका छन्। उनीहरूका अनुसार मूल्यवृद्धि नियन्त्रणका लागि सरकार, निजी क्षेत्र र उपभोक्ता सबै पक्षको जिम्मेवार भूमिका आवश्यक छ।

## चाडपर्वमा चिनी अभाव हुने संकेत

बडादसैं, तिहार र छठजस्ता प्रमुख चाडपर्व नजिकिँदै गर्दा यस वर्ष पनि बजारमा चिनीको अभाव हुने संकेत देखिएको छ। भारतबाट चिनी आयातका लागि प्राप्त कोटाअन्तर्गत अधिकांश परिमाण अझै नेपाल भित्रिन नसकेकाले चाडपर्वको समयमा आपूर्ति प्रभावित हुने चिन्ता बढेको हो।

भारत सरकारले १८ सेप्टेम्बर २०२५ मा नेपालका लागि २५ हजार टन चिनी निर्यात गर्न स्वीकृति दिएको थियो। तर हालसम्म नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनीले त्यसमध्ये एक हजार टनमात्र आयात गरेको छ। विद्यमान कोटाअन्तर्गत बाँकी २४ हजार टन चिनी ल्याउन ३० सेप्टेम्बर २०२६ सम्मको समय रहे पनि चाडपर्वअघि सम्पूर्ण परिमाण नेपाल भित्रिने सम्भावना न्यून देखिएको सरोकारवालाहरू बताउँछन्। चाडपर्वको समयमा चिनीको माग उल्लेख्य रूपमा बढ्ने भएकाले सीमित मौज्दातले बजारको आवश्यकता धान्न कठिन हुने अनुमान गरिएको छ।

यसअघि पनि आयात सम्झौता सकिएपछि नयाँ सम्झौता गर्न समय लाग्ने गरेका कारण बजारमा चिनी अभाव र मूल्यवृद्धिको समस्या दोहोरिएको थियो। विभागका निर्देशक लुइँटेलले विद्यमान सम्झौता समाप्त भए पनि आवश्यक परे नयाँ सम्झौता छिट्टै गर्न सकिने बताए। उनका अनुसार चाडपर्वमा चिनीको आपूर्ति सहज बनाउन विभागले आवश्यक समन्वय गरिरहेको छ। यद्यपि उपभोक्ता अधिकारकर्मीहरू भने विगतका अनुभवका आधारमा नयाँ सम्झौता समयमै हुनेमा विश्वस्त छैनन्। उपभोक्तावादीको अर्को आरोप नेपालका चिनी उद्योगी तथा आयातकर्ताबीच मूल्यमा सिन्डिकेट हुने गरेको छ।

# लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतमा उक्याब



**काठमाडौं** (अन्नपूर्ण): सरकारले लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा यांकी उक्याबलाई नियुक्त गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले काठमाडौंकी उक्याबलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए।

उनी विकास अर्थशास्त्री हुन्। उनले केही संयुक्त राष्ट्रसंघअन्तर्गत रहेर काम गरेकी छिन्।

बैठकले विश्वविद्यालय अनुदान आयोगको अध्यक्षमा प्राध्यापक डा. खड्गबहादुर केसी र सदस्यसचिवमा प्रा. डा. रोजी श्रेष्ठलाई नियुक्ति गर्ने निर्णय गरेको छ।

बैठकले तथ्यांक पहिलो संशोधन नियमावली २०८३ स्वीकृत गरेको छ। बैठकले नेपाल इन्टरमोडल यातायात विकास समिति गठन आदेश २०५४ खारेज गर्ने र नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभ्न स्वीकृति दिने निर्णय गरेको प्रवक्ता पोखरेलले बताए।

मन्त्रिपरिषद् बैठकले सुनसरी र सिराहा जिल्लामा भएको प्रदर्शनका क्रममा मृत्यु हुने र घाइतेहरूलाई क्षतिपूर्ति, राहत, उपचारको व्यवस्था गर्ने उनले जानकारी दिए।

बैठकले पशु वधशाला र मासु जाँच ऐन २०५५ चरणबद्ध रूपमा नेपाल राज्यभर लागू गर्ने र बालबालिकासम्बन्धी पहिलो संशोधन विधेयक २०८३ संघीय संसद् समक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णयसमेत गरेको छ।

# वालिङमा 'कृषि एम्बुलेन्स' सेवा

**भवानी अधिकारी** | *स्याङ्जा*



वालिङ नगरपालिकाले किसान सहजताका लागि कृषि एम्बुलेन्स सेवा प्रारम्भ गरेको छ। सेवा प्रारम्भ भएसँगै यहाँका किसानद्वारा उत्पादित विशेषगरी तरकारी तथा फलफूल बोकेर हिँड्नुपर्ने बाध्यता हट्ने भएको छ।

वालिङ नगरपालिका र दियालो संस्थाद्वारा सञ्चालित वालिङ कृषि विकास परियोजना (हेफर इन्टरनेसनल नेपाल) को साझेदारीमा कृषि एम्बुलेन्स नामकरण गरिएको सामान बोक्ने सवारीसाधन खरिद गरी सञ्चालनमा ल्याइएको छ।

कुल ३२ लाख ९० हजार रुपैयाँको लागतमा कृषि एम्बुलेन्स खरिद गरिएको हो। यसमा वालिङ नगरपालिकाको १८ लाख ९० हजार र परियोजनाले १४ लाख रुपैयाँ साझेदारी गरेको नगरप्रमुख कृष्ण खाँणले बताए।

'खेतबारीदेखि बजार र सेवाग्राहीका घरसम्म जोड्नेगरी ल्याइएको किसानमैत्री कार्यको प्रारम्भ भएकाले कृषि उपजको बजारीकरणमा किसानले चिन्ता गर्नुपर्ने अवस्था रहने छैन,' प्रमुख खाँणको भनाइ छ।

किसानलाई कृषिमा आकर्षण बढाउन नगरपालिकाले उत्पादित तरकारीको न्यूनतम समर्थन मूल्य तोकेको छ। उत्पादनका आधारमा प्रतिकिलो पाँच रुपैयाँ अनुदान दिँदै आएको छ। गतवर्ष किसानले अनुदानबापत ७ लाख ९१ हजार रुपैयाँ पाएको नगरपालिकाले जनाएको छ।

वालिङ नगरपालिका–१ स्थित त्रियासी कृषि उपज बजार व्यवस्थापन सहकारी संस्थालाई सो कृषि एम्बुलेन्स हस्तान्तरण गरेको छ। नगरपालिकामा आयोजित कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवालीले सहकारीका अध्यक्ष अर्जुनप्रकाश अर्याललाई कृषि एम्बुलेन्सको चाबी हस्तान्तरण गरे।

अध्यक्ष अर्यालले कृषि एम्बुलेन्सबाट कृषि उत्पादनको संकलन, ढुवानी, भण्डारण र बजारीकरणमा सहज र व्यवस्थित बनाउन सहज हुने बताए। समयमा ढुवानी गर्न नसक्दा किसानका उत्पादनको बजारीकरण र मूल्यमा समेत प्रभावित बन्ने गरेको थियो।

सहकारीमा दैनिक करिब ५० क्विन्टल तरकारी संकलन हुने गरेको छ। एक पटकमा १ सय ३० क्यारेट कृषि उपज ढुवानी गर्नसक्ने कृषि एम्बुलेन्सको क्षमता छ। वालिङमा कृषि उत्पादन अत्यन्तै राम्रो हुन्छ। यहाँ मौसमी तथा बेमौसमी तरकारी तथा फलफूल उत्पादक किसानहरू धेरै छन्। त्रियासी र वरपरका क्षेत्र त झनै तरकारी र फलफूलको पकेट क्षेत्र हो।




# एनसेलको मनसुन अफरमा २० प्रतिशतसम्म क्यासब्याक

**काठमाडौं** (अन्नपूर्ण) : एनसेलले नयाँ मनसुन अफर सार्वजनिक गरेको छ। ग्राहकहरूको डिजिटल अनुभूतिलाई अझ गहिरो बनाउने उद्देश्यले सार्वजनिक गरिएको यो अफरअन्तर्गत योग्य प्याक वा नयाँ प्रिपेड सिम खरिद गर्दा ५ प्रतिशतदेखि २० प्रतिशतसम्म तत्काल क्यासब्याक प्राप्त गर्नेछन्।

एनसेलका प्रिपेड ग्राहकहरूले अब प्याक एक्टिभेट गरेर बचत गर्न सक्नेछन्। यो योजनामा सहभागी हुन ग्राहकले ५० वा सोभन्दा माथिको योग्य प्याक एक्टिभेट गर्नुपर्छ। एक्टिभेसनपछि ग्राहकहरूले रिवार्ड पुष्टि गर्ने एसएमएस सूचना प्राप्त गर्नेछन्। त्यसपछि उनीहरूको एनसेल एपमा रहेको खातामा क्यासब्याक रिवार्ड जम्मा हुन्छ। ग्राहकहरूले उक्त रिवार्ड २४ घण्टाभित्र दाबी गरिसक्नुपर्नेछ।

त्यसपछि ग्राहकहरूले प्राप्त गरेको लाभ अनुसारको रिवार्ड क्यासब्याक जारी भएको एक साताभित्र प्रयोग गरिसक्नुपर्छ। मनसुन अफरअन्तर्गत ५० देखि ९९ रुपैयाँसम्मको प्याक खरिद गर्ने ग्राहकले ५ प्रतिशत, १ सयदेखि २ सयसम्मको प्याकमा १० प्रतिशत र २ सय१ देखि ४ सय ९९ सम्मको प्याकमा १५ प्रतिशत क्यासब्याक रिवार्ड पाउनेछन्।

त्यसैगरी, पाँच सय रुपैयाँ वा सो माथिको प्याक यक्टिभेट गर्नेले खरिद मूल्यमा २० प्रतिशत क्यासब्याक रिवार्ड पाउनेछन्। एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपाङ दत्तले क्याम्पेनले ब्यालेन्स र अनुभव दुवैलाई थप रोमाञ्चक बनाउने बताए।




# देभको इन्जिनियरिङमा घरको नक्सा डिजाइन गराउँदा छुट



**काठमाडौं** (अन्नपूर्ण) : देभको इन्जिनियरिङ एन्ड बिल्डर्सले घरको नक्सा डिजाइनमा ३३ प्रतिशत छुट दिने घोषणा गरेको छ। आवासीय घरको नक्सा डिजाइनदेखि राष्ट्रिय भवन संहिताले तोकेबमोजिमको संरचना निर्माण र फिनिसिङसम्मको काम सकेर धरधनीलाई साँचो हस्तान्तरण गर्दै आएको देभको इन्जिनियरिङले घरको नक्सा डिजाइनमा छुट दिने भएको हो।

देभको इन्जिनियरिङले घर निर्माण गर्नुअघि सही योजना, प्राविधिक डिजाइन र संरचनात्मक विश्लेषणलाई प्राथमिकता दिने गरेको छ। कम्पनीका अनुसार घर निर्माणको प्रारम्भिक चरणमै जग्गाको अवस्था, भवनको आवश्यकता, उपलब्ध क्षेत्रफल, परिवारको जीवनशैली, बजेट तथा संरचनात्मक सुरक्षालाई ध्यानमा राखेर डिजाइन तयार गर्नुपर्छ। यसका लागि देभको इन्जिनियरिङले घर बनाउने जग्गाको वास्तु विश्लेषण, आर्किटेक्चर ड्रइङ, स्ट्रक्चरल ड्रइङ तथा थ्री-डी भिजुअलाइजेसन लगायत सेवा एकीकृत रूपमा उपलब्ध गराउने जनाएको छ।

घर निर्माणमा सबैभन्दा पहिले जग्गाको अवस्था र उपलब्ध स्थानको उचित अध्ययन गर्नुपर्छ। त्यसपछि ग्राहकको आवश्यकता र भवनको उपयोगिताअनुसार प्रारम्भिक योजना तयार गर्नुपर्छ। देभको इन्जिनियरिङले ग्राहकको आवश्यकताअनुसार वास्तु तथा डिजाइनसम्बन्धी परामर्श उपलब्ध गराउने जनाएको छ।

# नेपाल बैंक र पिपल्स डेन्टलबीच सम्झौता

**काठमाडौं** (अन्नपूर्ण) : नेपाल बैंक र नयाँबजारको पिपल्स डेन्टल कलेज एन्ड हस्पिटलबीच छुटसम्बन्धी सम्झौता भएको छ। बैंकका ग्राहक र कर्मचारीले नयाँबजारको पिपल्स डेन्टल र सोअन्तर्गत सञ्चालित जनरल अस्पतालमा उपचार गर्दा विशेष छुट पाउने भएका हुन्।




उक्त सम्झौताबमोजिम पिपल्स डेन्टल र सोअन्तर्गत सञ्चालित जनरल अस्पतालमा उपचार गर्दा बिरामी दर्ता र चेकअपमा शतप्रतिशतसम्म र अस्पतालको विविध सेवाहरूमा लाग्ने शुल्कहरूमा १० देखि २० प्रतिशतसम्म छुट हुने भएको छ। सम्झौतापत्रमा बैंकको तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत दीपेन्द्रराज काफ्ले र पिपल्स डेन्टलतर्फबाट प्रबन्ध निर्देशक रोशन लुइँटेलले हस्ताक्षर गरे।

नेपालको पहिलो बैंकको रूपमा परिचित नेपाल बैंकका २ सय ३१ शाखा, २ सय ४६ एटीएम र ५८ एक्सटेन्सन काउन्टर रहेका छन्।

# शाओमीको 'शाओमी वाच एस फाइभ'

**काठमाडौं** (अन्नपूर्ण) : शाओमीले आकर्षक डिजाइन, लामो ब्याट्री क्षमता, उन्नत स्वास्थ्य निगरानी तथा खेलकुदसम्बन्धी स्मार्ट सुविधासहितको नयाँ साओमी वाच एस फाइभ५ ४६एमएम सार्वजनिक गरेको छ। नयाँ स्मार्ट घडीमा १.४८ इन्चको अमोलिड डिस्प्ले रहेको छ। यस वाचमा घाममा पनि स्पष्ट दृश्य देखिन्छ। स्टेनलेस स्टिल फ्रेम, विभिन्न बेजेल र स्ट्र्यापका विकल्प तथा करिब ४६ ग्राम तौलका कारण यो हलुका, आकर्षक र आरामदायी रहेको कम्पनीले जनाएको छ।



यसमा रहेको ब्याट्रीमा एक पटकको चार्जमै अधिकतम २१ दिनसम्म साथ दिन्छ। साथै, यसमा मुटुको धड्कन, रगतमा अक्सिजनको मात्रा, निद्रा तथा अन्य स्वास्थ्य सूचकहरूको सटिक निगरानी गर्ने सुधारिएका सेन्सर र एल्गोरिदम समावेश छन्। साप्ताहिक तथा मासिक निद्रा प्रतिवेदन र स्लिपी एचआरभीजस्ता सुविधाले प्रयोगकर्तालाई स्वास्थ्यबारे थप जानकारी उपलब्ध गराउँछ।





## सिनसिनाटी ओपनबाट बाहिरिए अल्कारेज

विश्व नम्बर दुई कार्लोस अल्कारेजले सिनसिनाटी ओपन टेनिसबाट आफ्नो नाम फिर्ता लिएका छन्। उनले हातको चोटका कारण प्रतियोगितामा सहभागिता नहुने निर्णय गरेका हुन्।




# राजनीतिक संकटमा इन्फान्टिनो



**एजेन्सी** | *जुरिच*

विश्व फुटबलको सर्वोच्च निकाय फिफाका अध्यक्ष जियानी इन्फान्टिनो अहिले आफ्नो एक दशक लामो कार्यकालकै सबैभन्दा ठूलो राजनीतिक संकटसँग जुधिरहेका छन्। विश्वकप तथा अन्य व्यावसायिक अधिकारलाई निजी लगानीकर्तासँग जोड्ने 'फिफा फरवार्ड इन्टरप्राइज योजना' (एफएफई) ले विश्व फुटबलमा तीव्र विवाद निम्त्याएपछि उनीमाथि राजीनामाको दबाब बढेको छ। अझ लामो समयसम्म उनका निकट मानिएका केही उच्च अधिकारी र सहयोगीहरूले समेत सार्वजनिक रूपमा दूरी बनाउन थालेपछि इन्फान्टिनोको नेतृत्व थप संकटमा परेको छ।

यही परिस्थितिमा उनले मोरक्कोको राजधानी रबाटमा फिफाका वरिष्ठ अधिकारी तथा विभिन्न सदस्य राष्ट्रका प्रतिनिधिहरूको आकस्मिक बैठक बोलाएका छन्। यो बैठकले उनको राजनीतिक भविष्य निर्धारण गर्नेछ।

### किन संकटमा परे इन्फान्टिनो ?

विवादको केन्द्रमा रहेको एफएफई योजनाअन्तर्गत फिफाले नयाँ व्यावसायिक निकायको करिब २० प्रतिशत हिस्सा निजी लगानीकर्तालाई बिक्री गर्ने प्रस्ताव अघि सारेको थियो। त्यसबाट प्राप्त हुने अरबौं डलर सदस्य राष्ट्रहरूलाई वितरण गर्ने दाबी गरिए पनि प्रक्रियाको पारदर्शिता, सुशासन र निर्णय शैलीमाथि गम्भीर प्रश्न उठेपछि उनको तीव्र विरोध भएको थियो। त्यसपछि इन्फान्टिनोले आफ्नो योजना फिर्ता लिन बाध्य भए पनि विवाद रोकिएको छैन। यसले फिफा नेतृत्वमाथिको विश्वास झनै कमजोर बनाएको छ।

### आफ्नै टिममा असन्तुष्टि

यसपटक इन्फान्टिनोलाई सबैभन्दा ठूलो धक्का आफ्नै आन्तरिक टोलीबाट लागेको छ। फिफाको विकास कार्यक्रमको प्रमुख जिम्मेवारी सम्हालिरहेका आर्सेन वेंगरले आफूलाई योजनाबारे जानकारी नै नदिइएको बताएका छन्। महासचिव म्याथियास ग्राफस्ट्रोम पनि नेतृत्वप्रति असन्तुष्ट देखिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्। वरिष्ठ सल्लाहकार कार्लोस कोर्डेरोलगायतका केही प्रभावशाली व्यक्तिहरू पनि उनीबाट टाढिएका छन्। यसले इन्फान्टिनोको निर्णय प्रक्रिया अत्याधिक केन्द्रीकृत भएको आलोचनालाई थप बल पुर्‍याएको छ।

### युरोपको विद्रोह

इन्फान्टिनोविरुद्ध सबैभन्दा कडा मोर्चा युरोपबाट खुलेको छ। युरोपेली फुटबल महासंघ (यूईएफए) का धेरै सदस्य राष्ट्रले उनलाई आगामी निर्वाचनमा समर्थन नगर्ने घोषणा गरेका छन्। इङ्लिस फुटबल संघले पनि प्रस्तावको प्रक्रिया र पारदर्शिताप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। केही युरोपेली संघहरूले आवश्यक परे बहिष्कारसम्मको चेतावनीसमेत दिएका छन्।

### मोरक्कोमा बैठक किन ?

मोरक्को इन्फान्टिनोका लागि केवल बैठकस्थल होइन, राजनीतिक रूपमा पनि महत्वपूर्ण आधारभूमि हो। अफ्रिकी फुटबल महासंघभित्र उनले वर्षौंदेखि बलियो समर्थन निर्माण गरेका छन्। मोरक्को फुटबल महासंघले यसअघि नै सन् २०२७ को निर्वाचनका लागि इन्फान्टिनोलाई औपचारिक समर्थन जनाइसकेको छ। त्यसैले रबाट बैठकलाई अफ्रिकी समर्थन सुरक्षित गर्ने रणनीतिक प्रयासका रूपमा पनि विश्लेषण गरिएको छ।

### अझै टिकिराख्ने दाउमा इन्फान्टिनो

युरोपमा उनको लोकप्रियता निकै घटेको छ। तर, पनि उनी पुन: अध्यक्षमा दोहोरिने अभियानमा छन्। फिफाका २११ सदस्य राष्ट्रमध्ये प्रत्येकसँग समान मताधिकार हुन्छ। त्यसैले अफ्रिका, एसिया, ओसियाना र साना सदस्य राष्ट्रहरूको समर्थन कायम राख्न सके इन्फान्टिनो पुन: निर्वाचित हुने सम्भावना भने अझै छ। अहिलेसम्म उनीविरुद्ध बलियो उम्मेदवार पनि सार्वजनिक भइसकेका छैनन्।

यद्यपि रबाट बैठकले इन्फान्टिनोको भविष्यबारे स्पष्ट संकेत दिने अपेक्षा गरिएको छ। उनले विभाजित सदस्य राष्ट्रहरूलाई पुन: एकजुट गर्न सके भने सन् २०२७ को निर्वाचनसम्म आफ्नो नेतृत्व जोगाउन सक्छन्। तर, युरोपको विरोध अझ सशक्त बन्दै गयो र आन्तरिक असन्तुष्टि पनि चुलियो भने उनको दशक लामो शासन अन्त्य उन्मुख हुनसक्ने विश्लेषण गरिएको छ।

फुटबल इतिहासमा धेरै अध्यक्षहरू बाह्य दबाबभन्दा आफ्नै सहयोगीको असन्तुष्टिका कारण कमजोर बनेका छन्। अहिले इन्फान्टिनो पनि त्यही मोडमा आइपुगेका छन्। त्यसैले मोरक्कोमा भएको यो बैठक केवल एउटा नियमित प्रशासनिक बैठक मात्रै होइन, विश्व फुटबलको भावी नेतृत्वको दिशा तय गर्ने राजनीतिक संघर्षको महत्त्वपूर्ण अध्याय बन्न सक्ने देखिएको छ।

# एसियाडमा १३६ खेलाडी सहभागी हुने




**अन्नपूर्ण** | *काठमाडौं*

जापानको आइची-नागोया सहरमा हुने २०औं एसियाली खेलकुद (एसियाड) मा नेपालबाट २२ खेलका १ सय ३६ खेलाडीले सहभागिता जनाउने भएका छन्। जसमा ८० पुरुष र ५६ महिला गरी १ सय ३६ खेलाडी सहभागी हुने राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत खेलकुद विकास विभागका प्रमुख सरोजकुमार पोखरेलले जानकारी दिए। प्रतियोगितामा ३२ प्रशिक्षक सहभागी हुने छन्।

नेपालबाट आर्चरीमा १/१ पुरुष/महिला, एथलेटिक्समा ४ पुरुष र २ महिला, ब्याडमिन्टनमा २/२ पुरुष/महिला, बक्सिङमा ४ पुरुष र ३ महिला, क्यानोइङ स्लालममा २ पुरुष, पुरुष क्रिकेट १५, साइक्लिङमा १-१ पुरुष/महिला तथा डान्स स्पोर्ट्समा १ पुरुष खेलाडी सहभागी हुने छन्।

यस्तै गल्फमा ३ पुरुष र १ महिला, जुडोमा ३/३ पुरुष/महिला, कबड्डीमा १२-१२ पुरुष/महिला, करातेमा ३ पुरुष र ५ महिला, स्केटबोर्डमा २ पुरुष, सफ्ट टेनिसमा ३ पुरुष र १ महिला, स्क्वासमा १/१ पुरुष/महिला, पौडीमा ३ पुरुष र २ महिला, टेबलटेनिसमा ३/३ पुरुष/महिला, तेक्वान्दोमा २ पुरुष, टेनिसमा ३ पुरुष र २ महिला, महिला भलिबलमा १२, कुस्तीमा ४ पुरुष र २ महिला तथा उसुमा ८ पुरुष र ३ महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन्।

चीनको हाङझाउमा भएको १९औं एसियाली खेलकुदमा नेपालबाट २९ खेलमा दुई सय ५३ खेलाडी सहभागी भएका थिए। जसमा एक सय २६ पुरुष र १ सय २७ महिला खेलाडीले भाग लिएका थिए।

हाङझाउ एसियाडमा नेपालले एक रजत र एक कांस्य पदक जितेको थियो। ऐतिहासिक पदक जित्ने क्रममा करातेकी एरिका गुरुङले रजत तथा महिला कबड्डी टोलीले कांस्य पदक जितेको थियो। २० औं एसियाड असोज ३ गतेदेखि सुरु हुँदैछ।

# नेपालले अस्ट्रेलियामा टीट्वेन्टी शृंखला खेल्ने




**अन्नपूर्ण** | *काठमाडौं*

नेपाली राष्ट्रिय क्रिकेट टोलीले अगस्ट दोस्रो साता अस्ट्रेलिया भ्रमण गर्ने भएको छ। अस्ट्रेलियाको नर्थन टेरिटोरीस्थित डार्बिनमा टप एन्ड टीट्वेन्टी क्रिकेट प्रतियोगिता खेल्न अस्ट्रेलिया भ्रमण गर्न लागेको हो। प्रतियोगितामा नेपालले कम्तिमा ६ खेल खेल्नेछ।

अगस्ट २१ देखि ३० तारिखसम्म सञ्चालन हुने प्रतियोगितामा नेपालले लिग चरणमा ६ खेल खेल्नेछ। नेपालले पहिलो खेलमा अगस्ट २१ मा एनटी स्ट्राइकसँग प्रतिस्पर्धा गर्नेछ। यस्तै दोस्रो खेल अगस्ट २२ मा बंगलादेश हाई-परफर्मेन्स टोलीसँग खेल्नेछ। त्यसपछि अगस्ट २४ मा होबार्ट हुरिकेन्स एकेडेमी, अगस्ट २६ मा एसीटी कोमेट्स, अगस्ट २७ मा किङ्समेन र अगस्ट २९ मा भिक्टोरियासँग प्रतिस्पर्धा गर्ने नेपाल क्रिकेट संघ (क्यान) ले जनाएको छ।

नेपालले गत संस्करणमा पनि सहभागिता जनाएको थियो। त्यसबेला नेपालले ६ खेल खेल्दा दुई खेल जितेको थियो भने चार खेलमा पराजय बेहोरेको थियो। प्रतियोगितामा नेपालको सहभागिता निश्चित भए पनि क्यानले नेपाली टोली भने घोषणा गरिसकेको छैन।

## समसुद्दिनको बिदाइ

**काठमाडौं** (अन्नपूर्ण) : नेपाल ओलम्पिक कमिटी (एनओसी) का अध्यक्ष जीवनराम श्रेष्ठले एसियन युथ तथा जुनियर भारोत्तोलन च्याम्पियनसिपमा इन्टरनेसनल टेक्निकल अफिसरको भूमिका निर्वाह गर्न उज्वेकिस्तानको तासकन्ट जान लागेका सिद्दिकी समसुद्दिनलाई बिदाइ गरेका छन्।

प्रतियोगिता साउन २२ देखि २९ तारिखसम्म हुँदैछ। एनओसी अध्यक्ष श्रेष्ठले टेक्निनल अफिसर खेलकुदको महत्त्वपूर्ण खम्बा हुन् रहेको बताउँदै उनीहरूको भूमिका विशेष रहेको बताए। 'खेलाडीहरू सबैको केन्द्रमा रहन्छन्। तर, खेलकुदको विकासमा प्राविधिक जनशक्ति टेक्निकल अफिसर, रेफ्री, प्रशिक्षक, मेनेजर र अन्य सहयोगीको पनि उत्तिकै भूमिका रहेको हुन्छ', अध्यक्ष श्रेष्ठले भने। उनले नेपाल भारोत्तोलन संघको निरन्तर प्रयासले नेपालका टेक्निकल अफिसियलहरूले लगातार अन्तर्राष्ट्रियस्तरमा आफ्नो क्षमता देखाउन सफल भइरहेको बताए। उनले टेक्निकल अफिसियल निर्माणमा सम्बधित संघको प्रयास पनि महत्वपूर्ण रहेको बताउँदै टेक्निकल अफिसियलले अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको उपस्थितिलाई सुदृढ बनाउने बताए। बिदाइ कार्यक्रममा नेपाल भारोत्तोलन संघका अध्यक्ष रामकृष्ण श्रेष्ठ र सचिव कुमारमान श्रेष्ठको पनि उपस्थिति रहेको थियो।

# अन्तर्राष्ट्रिय मासा सम्मेलनमा नविनाले गरिन् अनुसन्धान पत्र प्रस्तुत

**दिवाकर भण्डारी** | *सिमरा*

अन्तर्राष्ट्रिय तेक्वान्दो रेफ्री नविना बुढाथोकी मगरले बेलायतमा आयोजित मार्सल आर्ट्स स्टडिज एसोसिएसन (मासा) को १० औं वार्षिक सम्मेलनमा आफ्नो अनुसन्धान पत्र प्रस्तुत गरेकी छन्। युनिभर्सिटी अफ ब्राइटनमा जुलाई अन्तिम साता आयोजित सम्मेलनमा नविना र रोजी महर्जनले संयुक्त रूपमा तयार पारिएको 'नेपालमा मानसिक तथा मनोवैज्ञानिक सुस्वास्थ्य प्रवर्द्धनमा तेक्वान्दोको भूमिका बारे एक गुणात्मक अध्ययन' शीर्षकको अनुसन्धान पत्र प्रस्तुत गरेकी हुन्।

गत जनवरीमै सम्मेलनका लागि छनोट भएको उक्त अनुसन्धान प्रस्तुतिका लागि नविना बेलायत पुगेकी थिइन्। सम्मेलनमा विश्वका २६ देशका ६८ भन्दा बढी शोधकर्ताहरूको सहभागिता रहेको थियो। अनुसन्धान पत्र छनोट भएका शोधकर्ताहरू सम्मेलनमा सहभागी हुने अवसर पाएका थिए।

सम्मेलन समापनपश्चात् प्रतिक्रिया दिँदै नविनाले यो सहभागिता अत्यन्तै उपलब्धिमूलक र फलदायी रहेको बताइन्।




सम्मेलनका क्रममा थप प्राज्ञिक ज्ञान, अनुभव हासिल हुनुका साथै अन्तर्राष्ट्रिय स्तरका विज्ञ तथा अनुसन्धानकर्ताहरूसँग भावी सहकार्यका लागि अवसरहरू प्राप्त भएको उल्लेख गरिन्।

'अन्तर्राष्ट्रिय मञ्चमा नेपाली तेक्वान्दोको खेल पक्षका साथै यसको मनोवैज्ञानिक र मानसिक स्वास्थ्यसँग जोडिएका प्रभावकारी पक्षहरूलाई उजागर गर्न पाउँदा खुसी लागेको छ', नविनाले अन्नपूर्ण पोस्ट्सँग भनिन्, 'यस अनुभवले आगामी दिनमा खेलकुद, प्रशिक्षण र अनुसन्धानको क्षेत्रमा अझ प्रभावकारी रूपमा काम गर्ने हौसला दिएको छ।'




नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**